
# सुलक्षण कीर्ति बिहारः
# एक परिचय




डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति बिहारका कार्यकारी पदाधिकारीहरू



**भिक्षुणी डा. अनोजा**
(अध्यक्ष)




**हरिमान रंजित**
(उपाध्यक्ष)



**पंचनारायण महर्जन**
(कोषाध्यक्ष)



**भिमबहादुर श्रेष्ठ**
(सचिव)



**रतिराम कपाली**
(सदस्य)



**भैरबकर शाक्य**
(सदस्य)



**उत्तम मानन्धर**
(सदस्य)

Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहार: एक परिचय

- डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital/

प्रकाशक:
तकाजी प्रजापति
प्रकाशन मिति :
२०६१ माघ
प्रति :
१००० प्रति
सहयोग :
रु. ५०।-
कम्प्युटर :
श्रीकृष्ण बादे / केदार के.सी. 'सुष्मेक'
जनमत प्रकाशन, बनेपा, फोन : ०११-६६१५७३
मुद्रण :
नेबुला अफसेट प्रिन्टिङ प्रेस, बागबजार ।

ISBN: 99946-635-0-5

Downloaded from http://dhamma.digital/



# स्व. पिता

न्हुछेबहादुर प्रजापति

स्व. बाजे न्हुछेमान प्रजापति
स्व. बज्यै हेरामाया प्रजापति

सम्झनामा

Downloaded from http://dhamma.digital/

# मन्तव्य

सुलक्षण तीर्थ अवस्थित सुन्दरघाटमा बुद्ध विहार बनेको देखेर मलाई ज्यादै खुसी लागेको छ। सुलक्षण तीर्थ विहार निर्माण भयो। उक्त विहार निर्माण गर्ने कार्यमा सक्रियतापूर्वक लागेर जुन साहस देखाइन् त्यसको लागि मेरा शिष्य डा. अनोजालाई धन्यवाद दिनु पर्छ।

सुलक्षण तीर्थको सांस्कृतिक परिचयसहित सुलक्षण कीर्ति विहारको परिचयसम्म रहेको यस पुस्तकको प्रकाशनले अझ सुलक्षण तीर्थ विहारको निर्माणका कथाहरू सबै पाठकहरूले रूचिपूर्वक अध्ययन गर्न पाउनेछन्। पुस्तक प्रकाशनका लागि पनि अनोजालाई आशीर्वचन दिन चाहन्छु।

Dhamma.Digital

– धम्मवती गुरूमाँ

Downloaded from http://dhamma.digital/

# लेखिकाको मन्तव्य

सुलक्षण तीर्थ अर्थात् सुलक्षण कीर्ति विहारको विषयमा केही न केही जानकारी दिनुपर्ने आवश्यकता बोध गरेर संक्षिप्तमा भएपनि केही लेखेर प्रकाश पार्ने हिसाबले यो पुस्तक तयार गरिएको हो । सुनसान नदीछेउमा मसानघाट थियो, प्रायः मान्छेहरूको जमघट हुँदैनथ्यो, यस्तो सुनसान अनुभूति हुने ठाउँमा धेरै कष्ट र सङ्घर्षपछि सुलक्षण कीर्ति विहारको निर्माण भयो । यस खालको राम्रो र सुन्दर कार्यका लागि धेरैले आ-आफ्ना खालका निस्वार्थ सेवाहरू पुऱ्याइदिएका छन्, जसका गुण बिर्सन गाह्रो छ ।

मनमा सुन्दर उद्देश्य बोकेर राम्रा कार्यहरू थालनी भएपछि जस्तोसुकै गाह्रो र अप्ठ्यारो कार्यहरू पनि सफलतामा टुङ्गिन सक्छन् भन्ने ज्ञान यस विहारको निर्माण र निर्माणपश्चात भएका सुन्दर कार्यहरूबाट नै प्रमाणित भएका छन्। मलाई धेरै हर्ष लागेको छ, मैले निर्माण र सत् कार्यको लागि आफूलाई समाहित तुल्याउँदै जे-जति कार्यहरू गरें त्यसको प्रतिफल हो यो सुन्दर विहार । असल सोच्नेहरूका अघिल्तिर खराब गर्न खोज्नेहरू जोसुकै होस् पछि पराजित हुन्छन् । सुन्दरता खोप्नेहरूको विजय जहाँ पनि भएका छन् । हामीले पनि सुन्दरता मन परेर यहाँ रोप्न र हुर्काउन खोजेका छौं । यस कार्यलाई सफलतामा पुऱ्याउन थुप्रैले पसिनाका बुँदहरू पोखेका छन् । म मनमनमा बुद्धलाई राखेर सबैलाई स्मरण गरिरहेछु ।

मैले जे सुनें, जे देखें त्यसको परिचय मात्र हो यो

Downloaded from http://dhamma.digital/

कृति । ज्याठाका उपासक प्रजापति तकाजीले उत्प्रेरणा फुकिदिनुभयो, किताबमा इतिहास समेट्न सम्प्रेषण भरिदिनुभयो, त्यसकै प्रतिफलमात्र हो यो कृति । कृति त लेखियो तर प्रकाशन गर्ने समस्या थियो । तर कृतिका लागि लाग्ने सबै खर्च राखिदिएर त्यो समस्या फुकाउने काम पनि उपासक तकाजी प्रजापतिले नै गरिदिनुभयो – त्यसको श्रेय पात्र पनि उहाँ नै हुनुहुन्छ ।

यो मेरो प्रथम प्रकाशित पुस्तक हो । पुस्तक प्रकाशन गर्न, सिर्जनामा मन दिन प्रेरणा बाँड्नुहुनेहरूमा श्रद्धेय भन्ते अश्वघोष र गुरुमाँ धम्मवतीलाई बिर्सन गाह्रो छ । त्यस्तै साहित्यकार मोहन दुवाल दाइको प्रेरणा र सहयोग पनि ब्रिर्सिनसक्नु छ । उहाँहरू सबै यस सुकार्यका सहयोगी उत्प्रेरकहरू हुनुहुन्छ ।

काम गर्नेहरूले नै गल्ती गर्छन्, काम नगर्नेहरूले केही पनि गल्ती गर्दैनन् । सुलक्षण कीर्ति विहार बनाइयो, यसको संक्षिप्तमा भए पनि परिचय लेखियो । जसले जे-जै सहयोग गरिदिएका छन्, सबैको नाम प्रकाशित छन् । हतार हतारमा तयार भएको यस कृतिमा केही भूलचूक हुन सक्छन्, त्यस्तै भएमा क्षमा प्रार्थी छु ।

– डा. अनोजा गुरुमाँ

सुलक्षण कीर्ति विहार, चोभार

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

जब म सानो थिएँ मेरो बुबाले हाम्रो देशको पवित्र स्थल चोभार करूणामयको पानी सुलक्षण तीर्थमा बगाउने अवसरमा बुबा त्यस ठाउँमा नुहाउनु जाने क्रममा मलाई पनि सँगैं लग्नुहुन्थ्यो । तर घर फर्कंदा मेरो बुबाले मलाई सुलक्षण तीर्थ, सुन्दरीघाट, चोभार करूणामयका (भाजङ्गाका) पौराणिक कथाहरू सुनाउनुहुन्थ्यो ।

मेरो आदरणीय आमा (दानमाया प्रजापति) धर्मप्रति आस्था राख्ने व्यक्ति रहेकी हुँदा उनी हरेक अष्टमी, पूर्णिमा, सङ्क्रान्ति, औंसीका दिन धर्मकीर्ति विहारमा जाने गर्नुहुन्थ्यो र त्यहाँ जाने क्रममा मेरो आमाले श्रद्धेय गुरूमाँ धम्मवतीको प्रवचन सुन्नुहुन्थ्यो र विभिन्न ज्ञान, बृद्धि, विवेक हासिल गर्नुहुन्थ्यो । आमाले सधैं ज्ञान, बुद्धि, विवेकका कुराहरू घरमा हामीलाई सुनाउनुहुन्थ्यो । यसै सिलसिलामा आमाले भन्नुभएअनुसार श्रद्धेय गुरूमाँ धम्मवतीका शिष्यका रूपमा प्रख्यात भइसकेका श्रद्धेय डा. अनोजा गुरूमाँद्वारा सुलक्षण कीर्ति विहार निर्माण गर्न लागेको कुरा थाहा पाएँ । यो कुरा सुन्दा मलाई एकदम खुशी महसूस भयो र म श्रद्धेय डा. अनोजा गुरूमाँलाई भेट्न गएँ । त्यहाँ उहाँले मलाई आफूले भोगेका, सुनेका, देखेका कुराहरू सुनाउनु भयो । र यस कुरा मलाई हरेक धर्मावलम्बीहरूले जान्ने, बुझ्ने मौका पाओस् भने इच्छा मनमा जाग्यो र यस कुरालाई पुस्तकमा उतार्न पाए अझ राम्रो हुन्छ भन्ने विचार मनमा आयो । र मैले यस बारेमा श्रद्धेय डा. अनोजा गुरूमाँलाई मनको कुरा व्यक्त गरें । यस कुरालाई ध्यानमा राख्दै मेरो आदरणीय बाजे, बजै र बुबाको नाउँबाट यस पुस्तकको प्रकाशन गर्न पाएकोमा म आदरणीय श्रद्धेय डा. अनोजा गुरूमाँलाई मुरी-मुरी धन्यवाद टक्र्याउँदै आभार व्यक्त गर्न चाहन्छु ।

**- तकाजी प्रजापति**

ज्याठा, काठमाडौं ।

Downloaded from http://dhamma.digital/

# सुलक्षण तीर्थको सांस्कृतिक परिचय

संसारको सृष्टिकालदेखि नेपाल प्राकृतिक एवम् धार्मिक देशको रूपमा चिनिने राष्ट्र हो । सदियौंदेखि नेपाल धार्मिक तीर्थको रूपमा पनि प्रख्यात छ । नेपाल भन्नेबित्तिकै आजको युगमा बुद्धभूमिका रूपमा विश्वसामु उपस्थित छ । तर यहाँ भगवान बुद्ध मात्र होइन, शाक्यमुनि बुद्ध भन्दा पहिलेका सप्त बुद्ध, पञ्च बुद्ध, अठ्ठाईस बुद्ध र बज्रपाणी तथा बोधिसत्व, महासत्वका साथै अनेकौं विख्यात आचार्य विद्वानहरूको पनि पुण्यभूमिको रूपमा रहेको छ ।

संसारको उथलपुथलको क्रममा हाम्रा ती पुण्यभूमिको पनि समय-समयमा उथलपुथल भएका छन् । परिवर्तनशील संसार कति बने, कति भत्किए, त्यसको कुनै मूल्याङ्कन नै छैन साथै कति बुद्धहरू आउनुको साथै कति आचार्यहरूले यस पुण्य सुवर्ण भूमिमा जन्म लिई आफ्ना ज्ञानगुणका कुराहरूलाई छाडेर गएका छन् । यस्ता ज्ञानगुणका कुराहरूले भरिएका पुस्तकका रूपमा ठ्यासफु, ताडपत्र, नीलपत्र, भूर्जपत्र, सुवर्णपत्र, शिलापत्र, ताम्रपत्र इत्यादिका नामले चिनिन्छन्; ती सबैको सङ्ग्रह गरी आज श्री ५ को सरकार पुरातत्व सङ्ग्राहालय, राष्ट्रिय अभिलेखालयमा सुरक्षित गरी राखिएको छ । हाम्रो यस पुण्य बुद्धभूमिमा पुराणको आधारमा अरू धर्ममाझैं लोकोक्तिहरू, उखानहरू, कथनहरूमा मात्र प्रचलनमा नभई प्रमाणित रूपमा देख्न सकिने, पढ्न सकिने अनेकौं विहार, चैत्य र पुरातात्विक वस्तुहरू ठाउँ-ठाउँमा ज्वलन्त रूपमा देख्न सकिन्छ ।

संसारमा जति विनासकारी घटना, हाहाकार, भूकम्प, प्रलय,



Downloaded from http://dhamma.digital/

झैंझगडा, विध्वंश आदि भएतापनि नेपाल एउटा बुद्धहरूको साथै अनेकौं देवी-देवताहरूको बसोबास भएको ठाउँ भएकोले नेपालको पूर्णरूपले विनाश भएको पाइँदैन । नेपाल विश्वसामु एकमात्र धार्मिक तथा शान्ति प्रिय देशको रूपमा रहेको छ । त्यसैले यहाँ कहिले बाहिरी आक्रमण भएको छैन । जसले गर्दा नेपाल विश्व इतिहासमा एउटा बेग्लै स्थान ओगट्न सफल भएको छ ।

पूर्व बुद्ध, बोधिसत्व र आचार्यहरूले पछि आउने सत्वहरूको कुशल-मङ्गल होस् भनी ती विभिन्न तीर्थहरूको महिमा र महत्वले भरिपूर्ण स्थानहरूको वर्णन गरी कुशल संचय गरी जन्म-जन्मान्तरसम्म कल्याण होस्, मैत्री भावना जागोस् र सबै सत्वहरूमा सह अस्तित्व कायमभै सधैं धार्मिक मार्गको अनुसरण गरी राग, द्वेष, मोहमाथि विजय प्राप्त गरी निर्वाण मार्गमा अग्रसर भई यो भवसागरबाट मुक्ति पाओस् भन्ने भावनाले अनेकौं तीर्थहरूको निर्माण गरे । कमसेकम तीर्थमा हेरेर नमस्कार मात्र गरेर प्राण त्याग गरे पनि नराम्रो ठाउँमा पर्दैन भनी तीर्थ निर्माण गरेका हुन् । नेपालमा अनेकौं तीर्थहरू छन् । ती तीर्थहरूमध्ये सुलक्षण तीर्थ एउटा एकदम विख्यात र महत्वपूर्ण तीर्थ मानिन्छ । जसको वर्णन र महत्व कथाको रूपमा यहाँ संक्षिप्त प्रस्तुत गर्दैछु ।

सुलक्षण तीर्थस्थल काठमाडौं शहरबाट करिव४ किलोमिटर दक्षिणमा अवस्थित छ । उपत्यकाको मुटुको रूपमा चर्चित कीर्तिपुर डाँडासँग जोडिएको अर्को डाँडा हो चोभार । ठीक त्यस डाँडाको आधा किलोमिटर मुनि कल-कल वगेको वागमती नदीको किनारमा अवस्थित सुलक्षण तीर्थ जुन काठमाडौं उपत्यकाका १२ तीर्थहरूमध्ये आफ्नो छुट्टै महत्व बोकेको एउटा तीर्थस्थल हो । वि.सं. २०२२ सालसम्म ललितपुर जिल्लाअन्तर्गत पर्ने यो ठाउँ अब कीर्तिपुर



Downloaded from http://dhamma.digital/

नगरपालिकाभित्र पर्दछ । भौगोलिक दृष्टिकोणले यो एक कछुवा आकारको डाँडो हो । त्यसकारण यसलाई कच्छपाल गिरी भन्दछन् । कच्छपाल गिरी ने.सं.७९३ (ई.१६७३) को एक स्थानिय अभिलेखमा चोबाहार आदि नामले यस गाउँलाई चिनिन्छ । राजनीतिक विभाजनको तल्लो ईकाइका रूपमा यसलाई चोभार भूतखेल गाउँ विकास समिति पनि भन्ने गरिन्छ । जुन समिति काठमाडौं जिल्लास्थित अन्य गाविस भन्दा जनसङ्ख्या तथा क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो गाविसमा पर्न आउँछ ।

यस क्षेत्रमा विद्यमान रहेका स्थलहरूको महत्व नेपालको ऐतिहासिक तथा पौराणिक इतिहासमा आफ्नै किसिमको महत्व बोकेको छ । खास गरेर यस क्षेत्रमा अवस्थित मन्दिर, पाटीपौवा, गुफा तथा सुरूङहरूको महिमाले जो सुकैलाई पनि आश्चर्यचकित बनाउँछ । मलाई पनि गजब लाग्यो, चोभारको बारे आमाले बराबर भन्नुहुन्थ्यो चोभारमा गुफा छ भनेर उहाँले आफू गुफाभित्र पस्दा र त्यहाँ प्राप्त गर्नुभएको अनुभवलाई जस्ताको तस्तै भन्नुभएको मलाई याद छ । त्यस्तै २०११ सालतिरको कुरा हो, श्रावण महिनामा नेवारहरूको गुँला पर्व भनी एक महिनासम्म धर्मकर्म गरिन्छ । त्यस समयमा कहिले पानी पर्ने, कहिले घाम लाग्ने हुन्छ । ऋतु नराम्रो हुँदा धेरै मानिसहरू विरामी भइरहन्थे । यसरी विरामी नहोस् भनी त्यस महिनाभरि धर्मकर्म गरिन्छ । काठमाडौंका मानिसहरू गुँलामा एक महिनासम्म स्वयम्भू पनि जाने गर्छन् । बनेपामा पनि गुँलामा एक महिनासम्म **धलं दनेगु** भनेर मानिसहरू ब्रत वस्ने गर्छन् अनि यताउता भगवान् कहाँ, करूणामयतिर जाने गरिन्छ । त्यही अवसर पारेर मेरी आमासहित उहाँका साथीहरू पनि चोभार आउनुभएको याद छ । यहाँ आई जल विनायकतिर लाग्दा वर्ण गुरूज्यूले त्यहाँ



Downloaded from http://dhamma.digital/

रहेको गुफामा चखुंतीर्थ-बखुंतीर्थ छ जाने हो भनेर सोध्दा ६ जनाले जाने भनेर भित्र पसेछन् । ६ जनाभित्र पस्नेहरूमा बनेपाका वर्णब्रज बज्राचार्य, रत्नमाया मानन्धर, चित्रलाल मानन्धर, सुन्दरीमाया मानन्धर, बस्तमाया मानन्धर र अष्टमाया मानन्धर थिए । उनीहरू गुफाभित्र त पसेछन् तर हराएछन् । गुरूज्यूले अरू पाँचजनालाई यो चखुंतीर्थ प्वाल हो र त्यो बखुंतीर्थ प्वाल हो भनी ठुला-ठुला प्वालहरू देखाउनु भएछ । त्यसपछि त्यहाँ ठूलो निर्मल, नीलो पानी भएको पोखरी देखेछन् र भगवान बुद्धको मूर्ति पनि रहेछ । चैत्यजस्तो पनि रहेछ । बाटो-बाटोमा देवता मानेर पूजा गरेर राखिएको पनि रहेछ । कुनै बाटो ठूलो ढोकाजस्तो, कुनै झ्याल जस्तो, कतै शरीर घस्रेर जानुपर्ने, कहीँ राम्रोसित जान सकिने र कहीँ धेरै गाह्रो रहेछ । कहीँ झाड मात्र, बाटो नै हराइसकेको र यताउता जाँदा पनि बाटो नभेटिएपछि वर्ण गुरूज्यूले सबैलाई त्यहीँ पोखरीको भगवानको मूर्ति अगाडि लगे र गुरूज्यूले सूत्र पाठ गर्नु भएछ । सबैले एकचित्त गरेर सुनेछन् र पछि बत्ति बालेर जाँदा पराल भएको बाटो देखेछन् र त्यही बाटोको पराल हेर्दै जाँदा ठीक बाटोमा परेर बाहिर निस्कन सकेछन् । बाहिर पर्खिरहेका साथीहरू धेरै डराएर के भयो, कसो भयो भनेर कराएछन् । त्यही समयमा त्यहाँको एकजना बासिन्दा आएर भन्नु भएछ; तिमीहरू धन्य हौ, यो धेरै डरलाग्दो गुफा हो । यहाँ अस्ति मात्र दुइजना चोरहरू पसेका थिए । तिनीहरूमध्ये एकजना नमोबुद्ध पुगेछ । नमोबुद्ध भनेको पूर्वतिर पर्छ, पनौतिबाट दुई घण्टा हिँडेर जानुपर्छ । महासत्व राजकुमार बोधिसत्वले आफ्नो मासु काटेर बघिनी र डमरूहरूलाई खुवाएर आफ्नो शरीर दान दिएको ठाउँ हो । यो ठाउँ अहिले पनि बौद्ध धर्मावलम्बीहरूको लागि अत्यन्त महत्वपूर्ण छ ।



Downloaded from http://dhamma.digital/

फेरि त्यही गुफामा हराएको दोस्रो चोर साँखु पुगेछ। साँखु भनेको काठमाडौंबाट १४ कि.मी. टाढा उत्तरमा पर्छ। त्यहाँ साली नदी र बज्रयोगिनी भन्ने प्रसिद्ध देवस्थल छन्। तिमीहरू त धन्य धन्य ठीक बाटोमा परेछौ भनी त्यो मान्छे कराएछ। यो घटना सत्य घटना हो। मेरी आमालाई भएको घटना हो। प्वाल पनि अहिलेसम्म छँदैछ। धेरै व्यक्तिहरू पनि त्यस गुफाभित्र गएको कुरा बताउनुहुन्छ। तपाईंहरू पनि यहाँ आएर हेर्नुभयो भने अहिले पनि त्यो गुफा देख्नु हुनेछ।

श्री आदिनाथको प्राङ्गण अवस्थित गन्धेश्वर काठमाडौं उपत्यकाको ८ वितरागहरूमध्ये सातौं मानिन्छ। यस सम्बन्धमा विस्तृत वर्णन स्वयम्भू पुराणमा पनि उल्लेख गरिएको पाइन्छ। यहाँको एउटा प्रसिद्ध मन्दिर आदिनाथ, रातो मच्छिन्द्रनाथ (करूणामय) पनि हो। यहाँ पाइएको ताम्रपत्रमा उल्लेखित मिति ई १५५८ ले त्यतिखेर नै आदिनाथ (करूणामय) प्रसिद्ध रहिसकेको तथ्य पुष्टि भएको पाइन्छ।

करूणामयलाई नेपालीहरूले आदिनाथ भन्छन्। आदिनाथको इतिहाससँग चोभारका गाई चराउने नन्दग्वालालाई बिर्सन सकिँदैन। एकदिन चोभारका फेदीमा गाई चराउन हिँडेका नन्दग्वालाले कर्कोटक नागकी श्रीमती नागिनीलाई कुनै अर्को नागराजसँग प्रेम प्रसङ्गमा लठिरहेको देखेछन्। नन्दग्वालालाई यस्तो प्रेम प्रसङ्ग पटक्कै मन परेनछ अनि उसले आफ्नो हातमा भएको लठ्ठी उठाएर नागिनीमाथि बजारेछन्। नन्दग्वालाको लठ्ठीको चोटले छट्पटिएकी नागिनी कर्कोटक कहाँ पुगिछिन्। उनले आफू डुल्दै गरेको वखत नन्दग्वालाले लठ्ठी प्रहार गरेको भनि झुटो कुरा लगाइन्। आफ्नो श्रीमतीको यस्तो कुरा सुनेर कर्कोटकलाई एकदम रिस उठेछ अनि ऊ नन्दग्वालालाई



Downloaded from http://dhamma.digital/

मार्ने र अपमानको बदला लिने विचार गर्दै आएछन्। आफ्नो श्रीमतीको कुरा सत्य हो कि होइन जाँच्नु पऱ्यो भनी कर्कोटकले नन्दग्वालाई सोधी हेरेपछि सत्य कुरा थाहा पाउँदा गल्ती नागिनीको नै देखेछ। त्यसैले कसैले कुरा लगाउन आउँदा आँखा चिम्लेर विश्वास गरिहाल्नु हुँदैन, त्यो कुरा सत्य हो कि चुक्ली हो नियालेर हेर्नुपर्छ। बदला लिन भनी गएका कर्कोटकले नन्दग्वालाको गल्ती नदेखेपछि सजायको सट्टा पुरस्कारस्वरूप पशुवाक्य (पशुको भाषा) वुझ्ने शक्ति दिएछन्। करूणामयको प्रतिस्थापनामा यस खालका किम्वदन्तीहरू प्रशस्त रहेका छन्। यो चिहान अझै चोभारमा सुरक्षित छ।

चोभारमा पहिला पहिला घना जङ्गल र प्रशस्त बाँदरहरू थिए भन्ने कुरा स्वयम्भू पुराणमा उल्लेख भएको पाइन्छ। चिहान तथा चापाडाँडा यहाँको सबैभन्दा आकर्षक थलोको रूपमा रहेको पाइन्छ। यहाँ फलामको खानी पनि छ भनिन्छ त्यसकारण यहाँको हावापानीले शरीरलाई धेरै पाइदा गर्छ। यहाँबाट पूर्वेली घामको पहिलो किरण उत्तरी हिम श्रृङ्खलामा ठोक्किएको दृश्यमात्र होइन हरिया पहाडका थुम्काहरू र उपत्यकाका घना बस्ती तथा आधुनिक एवम् पुरातात्विक विशेषताका भौतिक दृश्यहरूको राम्ररी अवलोकन गर्न सकिन्छ। मन्दिर, पाटी, पौवा, चौतारी, गुफा, झोलुङ्गे पुल, सल्लाका हरिया रूखहरू, ढुङ्गाका सिँढी, पूर्वी सीमा निर्धारण गर्ने वागमती र पश्चिमका घनाबस्ती र फाँटहरूले चोभारको शोभालाई निक्कै बढाएको अनुभूति भैरहन्छ। ललितपुरका तत्कालीन राजा विश्वजीत मल्ल र उनकी आमा हर्षलक्ष्मीदेवीले मिलेर ई.१७६० मा चोभार डाँडाको वन नमास्ने राजाज्ञा ताम्रपत्रमा लेखिएको स्थानिय क्षेत्रमा पाइएको छ। यहाँको प्राकृतिक सौन्दर्यको संरक्षण परापूर्व



Downloaded from http://dhamma.digital/

कालमा पनि निक्कै चासो राखिएको कुरा स्पष्ट देखिन्छ। आजभोलि यहाँ स्थित आदिनाथ क्लव, न्यू राइजिङ क्लव, फ्यूचर स्टार क्लव इत्यादि स्थानिय सामाजिक संस्थाहरूले बेलाबेलामा चोभारमा संरक्षण र सम्बर्द्धन तथा बहुपक्षीय उन्नतिमा महत्वपूर्ण भूमिका निभाउने गरेको पाइन्छ।

पहिला काठमाडौं उपत्यका नागदहको रूपमा प्रचलित थियो। यस ठाउँ पानीले भरिएको थियो। एकदिन मञ्जुश्री ल्हासाबाट यहाँ आउँदा सबैतिर पानी भरिएको देख्नुभयो। त्यहाँको पानी बाहिर निकाली एउटा सुन्दर बस्ती बनाउने विचार गरी उनले आफ्नो तान्त्रिक शक्तिबाट चोभारको डाँडा काटी पानी बाहिर जाने निकास खोलिदिए। उक्त काटिएको ठाउँ आज पर्यन्तसम्म पनि विद्यमान छ। काटिएको ठाउँबाट नागदहको पानी बाहिर बग्न थाल्यो र पानीसँगै नागहरू पनि बाहिरीन थाले। मञ्जुश्रीले नागका राजा कर्कोटकलाई टौदहको पोखरीमा राखिदिएको कथन छ। यस किसिमका किम्बदन्तीहरूबाट पनि चोभारको महत्वलाई बुझ्न सकिन्छ। आनन्धारी लोकेश्वर विराजमान भएको चोभारको इतिहास काठमाडौं उपत्यकाको उत्पत्तिको इतिहाससँग जोडिएको छ। गोपाल राजवंशावलीअनुसार चोभारको इतिहास पाँच हजार वर्ष पुरानो छ। जनताहरूको कथनअनुसार काठमाडौं उपत्यका पहिला बस्ती बस्न योग्य हुनुभन्दा अगाडि यो ठाउँ एउटा दहको रूपमा रहेको थियो। स्वयम्भू पुराणमा यसलाई कालीदह भनी नामाकरण गरिएको छ।

काठमाडौं शहरबाट करिब ४ कि.मी. दक्षिणस्थित र उपत्यकाको मुटुको रूपमा चर्चित कीर्तिपुर डाँडासँग जोडिएको अर्को डाँडा हो चोभार। ठीक त्यस डाँडाको आधा किलोमिटर मुनि कलकल गर्दै बगेको वागमती र चारूमती नदीको किनारामा



Downloaded from http://dhamma.digital/

अवस्थित सुन्दरीघाट सुलक्षणतीर्थ जानु काठमाडौं उपत्यकाका १२ तीर्थहरूमध्ये एउटा आफ्नै छुट्टै महत्व बोकेको तीर्थ हो। १२ तीर्थहरूका नामावली यस प्रकार छ :-

**१) पुण्य तीर्थ, २) शान्त तीर्थ, ३) शङ्खमोल तीर्थ, ४) राज तीर्थ, ५) मनोरथ तीर्थ, ६) निर्मल तीर्थ, ७) निधन तीर्थ, ८) ज्ञान तीर्थ, ९) चिन्तामणी तीर्थ, १०) प्रमोद तीर्थ, ११) सुलक्षण तीर्थ, १२) जय तीर्थ ।**

एक दिन साधु मैत्रेय बोधिसत्वले शाक्यमुनि बुद्धलाई प्रार्थना गरेर सुलक्षण तीर्थको विषयमा अथवा त्यहाँ गरेको दान, पुण्य, स्नान र समाज सेवाबाट प्राप्त हुने पुण्य फलको विषय सुनाइदिन बिन्ती गरेछन्। भगवान शाक्यमुनि बुद्धले भन्नुभएछ, -म सुलक्षण तीर्थको विषयमा सुनाउने छु, एकचित्त भएर सुन्।

वागमती र चारूमती सङ्गम भएको त्यस स्थान सुलक्षण तीर्थको नामबाट प्रसिद्ध छ। यो तीर्थमा महापद्म भन्ने नागराज सेतो रङ्ग भएको, एकदम राम्रो भएको, पँहेलो रङ्ग भएको, शिरमा मणी भएको नागराज बास गरिराखेका छन्। यो तीर्थमा ज्येष्ठ शुक्ल पक्ष द्वादशी, मिथुन संक्रान्ति बुधवारका दिन मेला हुन्छ।

यो तीर्थको महापर्व कालमा भएको घटना र कथनअनुसार तीर्थमा स्नान गरेर विरूपहरू पनि सुरूप भएर आएका छन् भनिन्छ। हे मैत्रीय वोधिसत्व ! यस्तो भनेर वुझेर एक्काइस दिनसम्म एकचित्त गरेर मनलाई विचलित नगरिकन जति मार आए पनि चित्तलाई एकाग्र गरी ध्यान गरेर कालो तील मसिनो पारेर नुहाउने र खाने पनि। यसरी एक्काइस दिनसम्म जप, तप गऱ्यो भने नर्कको बाटो छेकेर सुगतिको बाटो खोलिन्छ। यो पुण्यले तेज बढेर आउँछ। चित्तको मैल कम भएर आउँछ। यतिमात्र होइन



Downloaded from http://dhamma.digital/

अलक्षणहरू पनि सुलक्षण भएर आउँछ । यो पुण्यले बोधिज्ञान प्राप्त गरेर निर्वाणसम्म प्राप्त गर्न सकिन्छ ।

फेरि मैत्रीय बोधिसत्वले बिन्ति गरेर प्रार्थना गर्नुभयो -भो सर्वज्ञ भगवान बुद्ध, भूत, भविष्य र वर्तमानमा यो तीर्थमा तपस्या गरेर के कस्तो उद्धार भयो भन्ने कुरा सुन्ने इच्छा भएको हुनाले कृपा गरी बताइदिनुहोस् ।

शाक्यमुनि बुद्धले आज्ञा गर्नुभयो -हे मैत्रीय बोधिसत्व ! लोक संसारको उद्धारका लागि यहाँ भएका कुराहरू बताउनेछु एकचित्त भएर सुन !

त्यसबेला परापूर्वकालमा कुशिनगर भन्ने देशमा एकजना सुलक्षण सार्थवाहु भन्ने एकजना महाजन थियो । त्यहाँ शासन गरिरहनुभएका सुलक्षण राजाको अत्यन्त लक्षणले पूर्ण एकदम राम्री विशालक्षी भन्ने महारानी थिइन् । उनीहरू दुबैजना अत्यन्त सुख भोग गरी आनन्दपूर्वक जीवन बिताइरहेका थिए । दुबैजनाबीच झगडा भनेको कहिले पनि भएको थिएन । परस्परमा जनताहरूसँग पनि मिलेर बसेका थिए । केही वर्षपछि महारानीको गर्भधारण भयो र त्यो दिनदेखि राज्यमा केही कमी कमजोरी भएर आएको महसूस भयो । महारानीको गर्भ १० महिना पूरा हुँदा राजकुमारको जन्म भयो । कस्तो बच्चा जन्म भयो भने रातको कालो अन्धकार जस्तो । ३२ वटा अलक्षण सबै त्यस बच्चामा व्याप्त थियो । त्यो राजकुमारमा रहेको अलक्षण यस प्रकारका थिए ।

१) कालवर्ण (एकदम कालो देख्दैमा डरलाग्दो), २) प्रेतको जस्तो ठूलो पेट भएको,३) प्रेत जस्तो, ४) पुड्को (एकदम सानो उचाइ भएको), ५) मुख यताउता फर्केको, ६) आवाज (स्वर नराम्रो भएको), ७) मुख खैरो भएको, ८) रौं ठाडो-ठाडो भएको, ९) निधार



Downloaded from http://dhamma.digital/

सानो भएको (दुई औंला जति), १०) आँखा भित्र पसेको, ११) आँखी भौं जोडिएको, १२) आँखा सानो चिम्से भएको, १३) घाँटी सानो भएको, १४) नाक भ्यात्त भएको, १५) मुसाको जस्तो कान भएको, १६) जिब्रो डल्लो भएको, १७) आँखा खैरो भएको, १८) ओँठ भ्यात्त परेको(ओँठ ठूलो भएको), १९) कन्चट भित्र पसेको, २०) सुँगुरको जस्तो बाक्लो रौं भएको, २१) छाती भित्र पसेको, २२) काँध लामो भएको, २३) हात छोटो(सानो भएको), २४) औंला डल्लो परेको, २५) नङ्ग सानो भएको, २६) घुँडा ठूलो भएको, २७) गोडा ठूलो भएको, २८) पाइतालाले बिचमा नछुने, २९) खुट्टाको औंला सानो भएको, ३०) शरीर गन्हाएको, ३१) पुरूष लिङ्ग सानो भएको, ३२) एकदम विरूप भएको ।

यति बत्तिसवटा अलक्षण भएको राजकुमारको जन्म भयो । हे मैत्रीय बोधिसत्व फेरि सुन्नुहोस् - त्यही रातमा राजाको पुत्र, मन्त्रीको पुत्र र सार्थवाहु महाजनको पुत्र; यी तीन जनाको त्यस्तै अलक्षणले भरिएको पुत्रहरूको जन्म भयो । यिनीहरूको जन्म हुनेवित्तिकै त्यो देशमा नाना प्रकारका विघ्न वाधाहरू बढेर आयो । संसारमा धन, अन्न, वस्त्र, खाना नष्ट भएर अशान्ति, अनिकाल, कलह बढेर आयो । यस्तै किसिमले ६ किसिमका हाहाकार भएर देशवासी जनताहरूले नाना प्रकारका कुरा लगाए र कुरा काटे । जनताहरूले तीनजना अलक्षणहरूको जन्म भएर हामीले दुःख पाएको थाहा छ कि छैन भनी चिच्याउन थाले । जनताहरूले आफूहरूले पाएको दुःखलाई हटाउने उपाय कहाँ छ होला भनी सल्लाह गरिरहेको सार्थवाहुले सुनेछ । सार्थवाहुले हरेस खाएर अव के गर्ने होला ? यिनीहरूलाई के गर्ने ? कहाँ पठाउने ? यिनीहरूको कारणले र यिनीहरूकै दोषवाट सर्वनाश भएको हो । कस्तो भएको



Downloaded from http://dhamma.digital/

यो ! मेरो रत्नाकार कारोबार व्यापारमा पनि हानी भयो । सबैको धन-जनको पनि हानी भयो, चोरले पनि चोरेर लग्यो, धनसम्पत्ति आगोले पनि खाइदियो । यो अलक्षणहरूको कारणले देशमा अशान्ति भयो । अब यो पुत्रलाई समाप्त गर्नु पर्‍यो भनेर एकदिन राती भर्खर ६ वर्ष पुगेको त्यो छोरोलाई भारी बोक्ने भरियालाई वोकाएर निरञ्जन निर्मल भएको वन खण्डमा; जङ्गलमा एक्लै छोड्न पठायो । अनि भारी बोक्ने भरियाहरूले त्यस बालकलाई जङ्गलमा एक्लै छोडेर आफूमात्र घर फर्केर आयो । यही कुरा महाजनले श्रीमतीलाई सुनायो । यो कुरा सुनेर श्रीमती मूर्छा भएर लड्निन् । आमा त हो सहन धेरै गाह्रो भयो । अब मेरो छोरोलाई कसले खाना दिन्छ ? कसले लगाउन दिन्छ ? कस्तो दिन आयो छोरासँग वियोग भएर बस्नु पर्‍यो, केही नभएको जङ्गलमा त्यस्तो डरलाग्दो ठाउँमा रोएर बस्यो होला, कसले माया गर्छ होला भनी आफ्नो पुत्रलाई सम्झी एकदम विलाप गरेर बसिरहिन् । त्यस्तै गरी त्यो अलक्षण र विरूप छोरो पनि जङ्गलमा छाती पिटेर रोएर, कपाल समातेर कराएर बस्यो । मेरो जन्मस्थान थाहा छैन, बाटो पनि थाहा छैन, अब म कहाँ जाउँ, कता जाउँ, भनेर यताउता जाँदाजाँदै एक दिन नेपाल भूमिमा वागमती र चारूमती सङ्गम भएको ठाउँमा पुगेछ । त्यहाँ पुग्नेवित्तिकै उसलाई अनुभव भयो वागमती र चारूमती सङ्गम भएको ठाउँको नाम त सुलक्षण तीर्थ हो । अनि उसले यताउता भिक्षा मागेर दिन बिताउन थाल्यो ।

एकदिन संयोगवश करूणामय, करूणा भएको एकजना व्यक्ति आएर त्यस कुरूप बालकलाई लक्षणयुक्त हुने उपाय सिकाएछ । त्यो कस्तो भने बिहान सबैरै उठेर कालो तिल धूलो बनाएर नुहाउने र अलिकति खाने पनि । त्यसपछि बालुवाको चैत्य बनाएर



Downloaded from http://dhamma.digital/

भावभक्तिसाथ पूजा पनि गर्ने । मनलाई एकचित्त बनाएर तीर्थको पानीले नुहाउने र जप, तप, ध्यान गर्ने । एकचित्त भएर त्रिरत्नको नाम जप गरी ध्यान बस्ने । पहिलाको जुनीमा के पाप गरेर आएछ अहिले यसरी अरूबाट छि-छि, दूर-दूर भएर बस्नु पऱ्यो, यस्तो विरूप भएर बाँच्नु पऱ्यो, अवदेखि मेरा यी सबै अलक्षणहरू सुलक्षणमा परिणत भएर जाउन् भनि अधिष्ठा गरी दिन दिनै विधि पुऱ्याएर आफ्नो शरीरलाई सुलक्षण तीर्थलाई अर्पण गरी अष्टाङ्ग प्रणाम दण्डवत गरेर यस्तै प्रकारले १२ वर्षसम्म तपस्या गरेर बिताएछ । करूणामयले सिकाएको जस्तै नियमपूर्वक १२ वर्षसम्म भक्तिभाव गरेर तपस्या गरेछ । अनि भगवान् बुद्धले भन्नुभयो -हे मैत्रीय वोधिसत्व ! त्यो कुरूप व्यक्तिले आफ्नो नियम उल्लङ्घन नगरिकन १२ वर्षसम्म ध्यान भावना गरी नुहायो । त्यही कारणले र तीर्थको कारणले कुरूप सबै सुरूप भयो । ३२ वटा अलक्षण सुलक्षण भएर गयो । दिव्य सुन्दर रूप भएर आयो ।

मेरो विचारमा यो ठाउँ लक्षण त पूरै लक्षणले भरिएको छ । यहाँ फलामको खानी पनि छ जसको हावा हाम्रो शरीरको लागि एकदम लाभदायक छ । अनि यहाँ जङ्गलमा सालको रूखहरू छन् जसबाट हामीले प्रशस्त मात्रामा अक्सिजन प्राप्त गर्न सक्छौं । यहाँको हावापानी हाम्रो शरीरको लागि एकदम लाभदायक छ । यहाँको पानी पनि निर्मल भएको हुँदा र एकचित्त भएर ध्यान गरेमा नराम्रो व्यक्ति पनि ध्यानको प्रभावले तेजिलो भएर आउँछ ।

अनि फेरि आकाशवाणी आयो - तिम्रो ध्यानको प्रभावले तिमीमा भएका सबै अलक्षणहरू सुलक्षणमा परिणत भएर आयो । अब तिमी भगवान्को नाम लिएर घर फर्क र अरूलाई पनि पठाई देऊ । अनि यस्तो आकाशवाणी सुनेर त्यस सुलक्षण भएको बालक



Downloaded from http://dhamma.digital/

खुशीले गद्गद् भएर तपाईंको कारणले नै यस्तो भयो भनी तीर्थराजलाई धन्यवाद दिएर घर फर्क्यो । आफ्नो घर कुशीनगर पुगेपछि उसले आफ्नो आमा-बुबाको खुट्टा ढोग्यो । तर भएभरको सम्पूर्ण कुरा सुनाउँदा पनि उनीहरूले विश्वास गरेनन् । हाम्रो छोरा त एकदम अलक्षणको छ, तिमी हाम्रो छोरा हुनै सक्दैनौ भनि भन्न थाले । तिमी त एक महापुरूष हौ, ३२ वटै लक्षणले पूर्ण भएको मान्छे हौ । के तिमी हाम्रो छोरो भएर हाम्रो सम्पत्ति खान आएको हो कि भन्न थाले । तिमी त देवता जस्तै सुन्दर र रूपवान छौ, तिमी हाम्रो छोरा हुँदै होइनौं भन्न थाले ।

अनि फेरि महाजनका छोराले बिन्ती गरे -भो मातापिता, सत्य सत्य मैले भुद्टा कुरा गरेको होइन भने । मलाई जेतवनको जङ्गलमा तपाईंहरूले एक्लै छोड्नुभएको थियो । म कहाँ जाने कता जाने भएर नेपालको पुण्यभूमि बागमती र चारूमतीको सङ्गम भएको सुलक्षण तीर्थमा पुगें र तपस्या गरेर पापलाई नष्ट गरेर आएँ । धर्म फल प्राप्त गरेर विरूपलाई सुरूप र अलक्षणको सुलक्षण गरेर तीर्थराजसँग विदा मागेर म फर्केर आएको भनी सम्पूर्ण कुराहरू सुनायो र पुनः बिन्ति गरेर तीर्थराजले अरूलाई पनि पठाइदिनु भनेको कुरा बतायो । हाम्रो देशमा अझै दुइजना अलक्षणहरू छन् ती दुई जनालाई पनि त्यहाँ पठाइदिनु पर्‍यो भन्यो । अनि आफ्नो छोराको कुरा पत्याएर निश्चय पनि हाम्रै छोरो हो भनी भोजन खुवाएर सुखपूर्वक बस्यो ।

त्यसपछि एकदिन राजसभा भएको बेला महाजनले राजालाई विन्ति गर्‍यो । भो महाराज ! मेरो पुत्र अलक्षण भएको नेपाल देशमा गएर सुलक्षण तीर्थमा तपस्या, ध्यान, जप र नुहाएर सुलक्षण, सुन्दर भएर एकदम राम्रो शरीर लिएर फर्केर आएको छ । महाराज हाम्रो



Downloaded from http://dhamma.digital/

राजकुमार र मन्त्रीको छोरोलाई पनि नेपालमा पठाइदिऊँ कि भनेर विन्ति गर्‍यो । सार्थबाहु महाजनको कुरा सुनेर महाराजले मनमनै भनेछ - हाई मेरो पुत्र पनि अलक्षण भएर यो देशमा अशान्ति भइरहेछ । अब यो पापबाट मुक्त गराउनको लागि सुलक्षण तीर्थमा पठाउनु पर्‍यो भनी धेरै खुशी भई महाजनको छोराको साथ राजकुमार र मन्त्रीको छोरोलाई सुन, चाँदी, द्रव्य र खर्च दिएर नेपालको सुलक्षण तीर्थ बास गर्न पठायो ।

महाजनको छोरोले सुलक्षण तीर्थ जाने बाटो थाहा भएकोले उनीहरूलाई त्यहाँ पुग्न गाह्रो भएन । त्यसै कारण त्यहाँ सुलक्षण तीर्थमा पुग्नेवित्तिकै उनीहरूलाई मलाई जस्तो सुलक्षण बनाइदिनु भनी तीर्थराजसँग प्रार्थना गरी एकचित्त गरेर नित्य ध्यान भावना गरेर बस्यो । महाजनको छोराले आफ्नो उपकार भएको र आफ्नै ३२ वटा अलक्षण सबै सुलक्षण भएर आएको सत्य वचनले प्रभावले जसरी मेरो रोग हटेर गयो, त्यसैगरी साथीहरूको पनि रोग हटेर जाओस् भनिदिन दिनदिनै सफासुग्घर गराएर, ध्यान भावना गराएर छिटोभन्दा छिटो केही वर्षपछि उनीहरू पनि ३२ वटा अलक्षणबाट मुक्त भएर ३२ वटै सुलक्षणमा परिणत भयो । सुन्दर हुनु कसलाई मन पर्दैन र ? त्यस्तै सुन्दर र ३२ वटा सुलक्षणले भरिएर बस्नलाई उनीहरूले पनि राजपुत्र र मन्त्रीपुत्र भनी चुप लागेर नबसी मिहिनेत गरे, ध्यान भावना राखे र छिट्टै केही वर्षभित्रै उनीहरू पनि ३२ वटै सुलक्षणले पूर्ण भएर आए । यसरी ३२ वटै सुलक्षणले पूर्ण भएर फर्केका आफ्ना छोराहरूलाई देखेर राजाले भन्नुभयो - धन्य नेपालको सुलक्षण तीर्थ र सुलक्षण ठाउँ, सुलक्षण तीर्थ प्रत्यक्ष रूप भएको पूण्यभूमि नेपाल प्रकृतिले भरिपूर्ण भएको ठाउँमा आफूले नै मेहनत गर्‍यो भने इच्छा पूरा नहुने कुरै छैन । धन्य सुलक्षण तीर्थ भनेर



Downloaded from http://dhamma.digital/

नाना प्रकारले सुलक्षण तीर्थको बयान गरेर साथै सार्थबाहुको छोरालाई समेत जागीर दिएर उसको जीवन बनाई दियो । त्यही कुरालाई आमाबाबुले पनि राम्ररी थाहा पाए र भगवान् बुद्धको गुण स्मरण गरेर नित्य कुशल कार्य गर्दा त्यो देशमा भएको दुर्भेक्षा पनि हटेर सबै मङ्गल भएर गयो । देशमा सबै राम्रो भएर गयो । त्याग भावना भनेको अत्यावश्यक छ । चित्तमा भएको क्लेश, कालो मैलोलाई हटाएपछि एकचित्त भएर आफूसँग भएको केही न केही दान त्याग गर्नुपर्छ । तिनीहरूले त्याग र ध्यान भावना गरेको हुनाले ३२ वटै सुलक्षणले युक्त भएर आयो भनि भगवान् बुद्धले मैत्री बोधिसत्वलाई बताउनु भयो । अनि मैत्रीय वोधिसत्वले भगवान बुद्धलाई नमस्कार गरेर यही कुरा सबै उपासक उपासिकाहरूलाई उपदेश दिँदा आजसम्म पनि यो सुलक्षण तीर्थको पूजाआजा चलिआएको छ । यहाँको हावापानी राम्रो भएको हुँदा यहाँ आई धेरैको रोग पनि निको भएको छ । धेरै व्यक्तिहरू आफ्नो आमाबुबा परलोक गएको व्यक्तिहरूको नाममा ११ वटा श्राद्ध गर्ने र दान गर्ने चलन अहिलेसम्म छ । यहाँबाट सुलक्षण तीर्थको इतिहास समाप्त भयो ।

यस चोभारमा अवस्थित सुलक्षणतीर्थमा हुने फाइदाको विषयमा आफूलाई भएको अनुभवको बारेमा लेख्न चाहन्छु । पहिला त बास्तवमै मलाई यहाँको विषयमा थाहा थिएन तर यहाँ यस सुलक्षण कीर्ति विहार बनाउँदा घटेको एउटा घटना अहिलेसम्म पनि याद छ । कस्तो भयो भने मेरी आमा दमको रोगी थिइन् । त्यसबेला जब म घर गएँ, मेरी आमालाई दमले च्यापेर सिकिस्त भइरहेकी थिइन् । आज हो कि भोलि जस्तै । त्यस्तो अवस्थामा भए पनि मैले उनलाई साथीको गाडीमा राखेर यहाँ ल्याएँ । केही



Downloaded from http://dhamma.digital/

दिनपछि नै मानौं ४-५ दिनपछि नै आमा त बाल्टिनमा पानी बोकेर विहारको माथि बसिरहेको देखें। मलाई त एकदम अचम्म लाग्यो, त्यहाँ त्यस्तो सिकिस्त भएकी आमा यहाँ आएको केही दिनमै यस्तो। अनि मैले सोधें तपाईंलाई अहिले कस्तो छ आमा ? भने र उनले अहिले धेरै फाइदा भएको छ भनी बताइन्। त्यसैले यो ठाउँ दम रोगीको लागि एकदम फाइदाजनक छ।

यही क्रममा अर्को एउटा घटना के याद आउँछ भने यहाँ एकजना कुलनारायण भन्ने (टि.वी.) क्षयरोग लागेको व्यक्ति आएको थियो। रगत वान्ता हुने जस्ता कारणले ऊ निकै विरामी र कमजोर भैसकेको थियो। धेरै वर्ष विरामी भएर निकै कमजोर भई बाँच्दैन कि भनी सबैले त्यागेको त्यो मान्छेलाई पञ्च महर्जनले यहाँ सुलक्षण कीर्ति विहारमा ल्याई एक महिना राखेपछि उसको पनि रोग निको भयो। निको भई घर फर्कंदा आफ्नै आमालेसमेत छोरोलाई चिन्न सकिन छ। उनले नै खुसीले यहाँ आएर मलाई सारा कुरा बतायो र मलाई पनि खुशी लाग्यो। उनी धेरै मोटो र शरीर पनि राम्रो भएर आयो। विहारमा बस्दा बेलुका पूजा पाठ गर्ने र २०-४० मिनेट ध्यान बसाउने र मेरो फूर्सदमा कथा सुनाउने, उपदेश दिने गर्थें। ऊ सधैं विहान चोभारकै आदिनाथ करूणामयमा पनि जाने गर्दथ्यो। ऊ कहिले चुप लागेर बस्दैनथ्यो, बारीका कामहरू गर्दथ्यो। यहाँको हावापानी पनि धेरै राम्रो भएको, खाना, औषधी समयमा खाने, मन शुद्ध हुँदा उसको रोग छिट्टै निको भएको होला जस्तो मलाई लाग्यो।

तेस्रो घटना, पञ्च महर्जन पनि पहिला धेरै विरामी भइरहनुहुन्थ्यो। धेरै पैसा खर्च गरेर पनि रोग निको नभएको रहेछ। अब यहाँ आउँदादेखि रोगहरू घट्दै गएको छ। सात वर्ष भइसक्यो



Downloaded from http://dhamma.digital/

केही रोग लागेको छैन । ज्वरोसमेत आएको छैन । खटिरा आएको व्यक्तिहरूको पनि रोग निको भएको छ ।

## हामीलाई रोग ४ किसिमले लाग्दछ :

१) खाना मिलेन भने :

जस्तै गर्मीमा खानुपर्ने खाना चिसोमा खाँदा अथवा चिसोमा खानुपर्ने खाना गर्मीमा खाँदा । पुरानो बासी खाना, शरीरलाई नपच्ने खाना र समयअनुसार खाना नखाँदा पनि विरामी भइन्छ । लोभले धेरै खायो वा खाँदै खाएन भने पनि रोग लाग्छ ।

२) बस्ने ठाउँ :

बस्ने ठाउँ राम्रो हुनु पर्छ । हामी बस्ने ठाउँको हावापानी खुला, स्वच्छ, सफा र शुद्ध पानी भएमा हाम्रो रोगहरू पनि कम भएर जान्छ । वातावरणले स्वास्थ्यमा प्रतिकूल असर पार्ने भएकोले सफा, राम्रो वातावरण भएको ठाउँमा बस्नु पर्दछ । चोभार बसोबासको लागि उपयुक्त ठाउँ हो । यहाँ सालको रूखको जङ्गल छ जहाँबाट हामी धेरै मात्रामा अक्सिजन प्राप्त गर्न सक्छौ र प्रदूषण पनि कम नै छ । फलामको खानी पनि भएको कारणले यहाँ बस्दा नाना किसिमको रोगहरू कम भएर जाने विश्वास छ ।

३) चित्त शुद्ध गर्नु पर्छ, धेरै पीर गर्नु हुँदैन । त्याग र भावना हुनु पर्दछ । रोग बढाउने प्रमुख कारण चिन्ता हो । भनिन्छ चिन्ताले चित्ता जलाउँछ । त्यसैले धेरै चिन्ता गर्नु हुँदैन । त्यस्तै भावना मानिसमा भएन भने लोभ जागेर आउँछ र मानसिक रोग बढेर जान्छ । उसलाई केही होस हुँदैन र अन्ततः ऊ बौलाहा भएर जान्छ । मनमा शान्ति नभएपछि शरीरमा रोगहरू बढेर जान्छ ।



Downloaded from http://dhamma.digital/

त्यसैले जति आपत्‌विपत्‌ आएता पनि एकदिन मर्नुपर्छ र मरेर केही साथमा लिएर जान पाइँदैन भन्ने जान्नुपर्दछ । यस्तो त्याग भावना भएमा मानसिक रोग हुँदैन र मन शान्त हुन्छ ।

४) पूर्व जन्मको कर्म फलले पनि रोग हुन्छ । जस्तै भगवान बुद्धको टाउको दुख्ने रोग, जति औषधि गरे पनि ध्यान बसे पनि निको भएन, कम्मर दुख्ने रोग पनि निको भएन । आखिर भगवान बुद्धले समेत्‌ आफ्नो कर्म विपाक भोग गर्नुपर्‍यो । त्यस्तै पुतिगत स्थविर भिक्षु पछि अरहन्त भएता पनि रोगी भए । कसैको शरीर सबै महारोगले छुने, खटिराको दाना पाकेर फुटेर पीप निस्कने र शरीर गन्हाउने अनि कीरा उत्पन्न भएर कीराले मासु खाने । जति औषधि खाए पनि निको नहुने । कोही ओछ्यानमै वाक-वाक गर्ने, हात-खुट्टा नचल्ने, यस्ता सबै आफ्नो कर्मको फल हो । आफूले पहिला गरेको कुकर्मको फल ढिलो चाँडो जसरी पनि आफैंले भोग्नु पर्दछ ।

त्यसैले आफू बलियो र सक्षम भएको बेलामा शुद्ध चित्त गरेर अरूलाई मद्दत गर्ने र राम्रो काम गर्ने बानी गर्नुपर्दछ । यहाँ सुलक्षण कीर्ति विहार चोभारमा पनि बातावरण एकदम राम्रो भएकोले रोग लाग्ने भय अलि टाढै छ । एकदिन सबैले मर्नु छ तर सधैं आया-आत्थु गरेर मर्नुभन्दा राम्रो काम गरेर, आफ्नो जीवन सफल वनाई मर्नु उचित हुन्छ ।

यो सुलक्षण तीर्थमा राम्रोसँग नियम पालन गरेर ध्यान बस्यो र मेहनत गर्‍यो भने यहाँ सुन प्राप्त हुन्छ भन्ने भनाइ छ । त्यसरी सुन प्राप्त गरेको मान्छे पाङ्गामा छ । उहाँको अहिले पनातीहरू मात्र छन्‌ । यो दुई सय वर्ष अगाडिको कुरा हो ।

○○○



Downloaded from http://dhamma.digital/

# भाजङ्गल चिहानको विषयमा परिचय

परापूर्व कालमा मूर्दा पोल्दा जम्मा सात वटा काठ भए पुग्ने रहेछ । पछि गएर नौ वटा काठ बाल्नु पर्ने भयो । त्यो कहिलेदेखि भने, धेरै वर्ष पहिला राजा वीर विक्रमादित्यको छोरा राजकुमार विक्रम केशरी आफ्नी सानीआमालाई कुस्मावती फूल चाहियो भनेकोले त्यो फूल खोज्दाखोज्दै भाजङ्गल पुगेछन् । संयोयवश त्यही दिन पाङ्गा देशकी राजकुमारीको मृत्यु भएको रहेछ । त्यो राजकुमारी धेरै राम्री, सबैलाई मनपर्ने प्यारी थिइन् । राजकुमारीको लाशलाई सलामी ठोकेर जलाउन भनी भाजङ्गल चिहानमा लगेर सात वटा काठ राखेर त्यसमाथि लास राखी सानो-सानो बाँसमा आगो बाली लासको टाउकोमा हालेर त्यसै छोडेर गए । यी सबै कुराहरू राजकुमारले हेरिराखेको रहेछ । किन यस्तो गरेको होला, किन यसरी लासलाई एक्लै छोडेर गएको होला, केही कारण त पक्कै हुनुपर्छ भनी कारण पत्ता लगाउन राजकुमारले त्यस रात त्यही मसान छेउको रूखमा बास बस्ने निधो गऱ्यो । रात छिपिंदै गएर जब मध्यरात भयो तब मसान चर्केर आयो र त्यहाँबाट ४ जना देवताहरू निस्के । देवताहरूले खड्ग, कालो र सेतो च्वामल बोकेर आएछन् । यसो हेर्दा अत्यन्त सुन्दर राजकुमारी देखेर उनीहरू निकै खुशी भएर नाच्न थाले र ख्याल ठट्टा गर्न थाले । त्यस्तैमा एकजना देवताले फेरि कालो च्वामलले हम्काएर यस राजकुमारीलाई शवमा परिणत गरिदियो । यो क्रम धेरै पटक चलिरह्यो । रूखमा



Downloaded from http://dhamma.digital/

चढेर सबै दृष्य हेरिराखेको राजकुमारलाई सहन भएन र आफ्नो तरवारले रूखको एउटा हाँगो काटेर तल देवताहरू भएतिर खसालिदियो। अनि देवताहरू डराएर भागे। पछि राजकुमार तल ओर्लेर सेतो च्वामो लिएर देवताहरूले जस्तै गरी हम्काइदिँदा राजकुमारी बाँचेर आइन्। अनि दुइजनाले कुराकानी गरे र दरबारमा खबर पठाए। पछि दुबैजनाको आपसमा विवाह भयो। यो घटनालाई विष्णुदेवीको परीक्षा भनेर भनिन्छ।

एकदिन पाङ्गाको राजालाई विष्णुदेवी सपनामा आई अबदेखि सातवटा होइन नौ वटा दाउराहरू शव चलाउनको लागि राख भनि भनेर जानु भएछ। त्यसै बेलादेखि ६ वटाको साटो ९ वटा दाउराहरू राख्ने चलन छ।

दुई सय वर्ष अगाडिको कुरा हो विष्णुदेवीको जात्रा थियो। मंसिर शुक्लपक्ष सप्तमीको दिनमा पाटनको एक सुनार आएर विष्णुदेवीको सारा गहनाहरू सफा गरेर, देवीलाई गहनाहरू लगाइदिएर आफैं पूजारी भएर दुइदिनसम्म देवीको पूजा गरेर एक वर्षको काम सिध्याएर आफ्नो घर पाटन फर्कंदै थियो। फर्कंदै गर्दा विष्णुदेवीको मन्दिरमा पुगेको बेला उसलाई एकदम डर लाग्यो र ऊ देवीसँग क्षमा मागेर मन्दिरको माथि चढेर लुकेर बस्यो। त्यही राती अष्टमात्रिका देवहरू आएर विभिन्न बाजाहरू बजाएर नाचेर बसे। त्यही समय एकजना मरेको मान्छे त्यहाँ राखिराखेको रहेछ। त्यस लासलाई जम्मा नौ वटा काठहरू राखेर अरू मानिसहरू घर फर्किसकेका रहेछन्। त्यसपछि देवताहरूले त्यस लासलाई मसिनो पारेर काटेछन्। काटिएर राखेको मासुलाई देवताहरूले आफ्नो-आफ्नो भाग भनी छुट्याए तर जति गरेपनि त्यहाँ एक भाग बढी निस्क्यो। धेरै पटक छुट्याउँदा पनि एक भाग बढी आएकोले



Downloaded from http://dhamma.digital/

देवताहरूले के कारणले यस्तो भयो, कुनै न कुनै कारण पक्कै हुनुपर्छ भनी सोच्न थालें। पछि यहाँ कोही न कोही पक्कै हुनुपर्छ भनी सोचेर देवताहरूले यहाँ को छ होला भनी खोज्न थालें। पछि पाटनको त्यो आचार्य जो त्यस रात डराएर त्यहाँ बास बसेको थियो, डराएर विन्ती गर्दै देवताहरू सामु आयो र सारा कुरा बतायो। उसको कुरा सुनेर देवताहरू निकै खुसी भएर त्यही आचार्यको भागमा परेको मासुलाई एउटा रूमालमा पोको पारेर उसलाई दिएर पठायो। त्यस आचार्यले त्यो मासुको पोकोलाई सुलक्षण तीर्थमा लगेर फ्याँकिदियो। अनि रूमाल मात्र लिएर घर फर्क्यो। भोलि विहान उठेर रूमाल हेर्दा रूमालमा लागेको रगत त सबै सुनै-सुन पो भएछ। अनि त्यो सुनार धेरै दुःखमानी छाती पिटी-पिटी रून थाल्यो र मूर्छा पनि भयो। पछि होस खुल्यो र त्यसमा आफ्नै मूर्खता देख्यो र धन्य विष्णुदेवी तपाईंको शक्ति अपरम्पार रहेछ भनी विष्णुदेवीको प्रशंसा गर्न थाल्यो। त्यही बेलादेखिन् विष्णुदेवीको प्रचारप्रसार हुँदै आएको हो।

सुलक्षण तीर्थमा विष्णुदेवी सधैं नुहाउन आउँछ भन्ने कुरा धेरैले भन्ने गर्छन्। यदि हामी विहान सबेरै उठेर नुहाउन भनी सुलक्षण तीर्थमा गयौं भने त्यहाँ भिजेको पैंताला गइराखेको देखिन्छ।

OOO



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहारको स्थापना

२०५२ साल कार्तिक महिनाको कुरा हो । एकदिन धम्मवती गुरूमा, म (अनोजा), चमेली गुरूमा, रत्नमञ्जरी गुरूमा, मागुणं गुरूमा र अनुपमा गुरूमा गरी हामी जम्मा ५ जना हरिमान मामाकहाँ भोजनको लागि गयौं । भोजन र परित्राण सकिँदा हरिमान मामाले एउटा जग्गाको विषयमा कुरा निकाल्नुभयो । भैरवकर शाक्यले एउटा एकदमै राम्रो, पाइक परेको जग्गा छ, विहार बनाउन निकै राम्रो छ भनी हरिमान मामालाई भन्नुभएछ र त्यस ठाउँमा विहार बनाउन उनले धम्मवती गुरूमालाई आग्रह गर्नुभएछ ।

धम्मवती गुरूमाँले पनि त्यो कुरालाई अत्यन्त पून्य कार्यको रूपमा मनन गर्नुभई मसँग त्यो विषय गम्भीर रूपमा उठाउनुभई छलफल गर्नुभयो ।

कुरा सकारात्मक रूपमा अघि बढ्यो । विहार निर्माणार्थ उपयुक्त स्थलको खोजनीतिको प्रयास निरन्तर रूपमा जारी भयो । यसै क्रममा सुन्दरीघाटको जग्गाको उपयुक्तताबारे धेरैको सहमति भयो ।

जग्गाधनी श्री चन्द्रबहादुर शाक्य र श्री सूर्यबहादुर खड्काबाट रू. २२,५००।- मा त्यो जग्गा खरीद गर्न सहमति पनि भइहाल्यो ।

कार्तिक महिनाभर मेला भर्न चोभार आदिनाथ करूणामयको दर्शन गर्न पुगेका भक्तजनहरूमध्ये हजार जनाबाट प्रत्येकबाट रू. २०।- उठाई रू. २०,०००।- रकम संकलन गरियो । बाँकि अपुग रू. २,५००।- मखननिवासी श्री नन्द सिंहबाट थप गरी २२,५००।-



Downloaded from http://dhamma.digital/

पुऱ्याइयो । सबैको सल्लाहबमोजिम यस कार्यमा धेरै सहयोग पुऱ्याउँदै आउनुभएका कालिमाटीका श्री तुतुदास मानन्धर र धेरै रकम चन्दा दिने श्री नन्दसिद्धि गुभाजूको नाममा जग्गा दर्ता भयो । तुतुदासको निधनपछि उहाँकी धर्मपत्नी अष्टमाया मानन्धर र छोराहरू दीर्घकुमार मानन्धर, पुरूषोत्तम मानन्धर र गौतम मानन्धरले धर्मकीर्ति विहारको नाममा जग्गा नामसारी गर्ने कुरा सहृदयताका साथ स्वीकृति प्रदान गरे । यस्तै श्री नन्दसिद्धि गुभाजू र श्रीमती कियोमयजू बज्राचार्यले पनि खुशी साथ स्वीकृति पत्र दिएअनुरूप धर्मकीर्ति विहारको नाममा जग्गा नामसारी भयो ।

सुन्दरीघाट मर्मत गर्न गठित पाँगाको समूह, श्री भैरवकर शाक्य, श्री नीबहादुर महर्जन, श्री तुतुदास मानन्धर, श्री पाण्डव माली, श्री अक्कलमान तुलाधर, श्री आशाराम कपाली र श्री मदन के.सी.ले जग्गा उपलब्ध गर्न र गराउन धेरै सक्रिय भूमिका निभाउनुभएको थियो । उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

धर्मकीर्ति विहारमा कीर्तिपुर चोभारको जग्गा विषयमा एउटा बैठक २०५२ माघ २५ गते बस्यो । उक्त बैठकमा तल उल्लेख गरिएका महानुभावहरूको उपस्थिति थियो ।

१. भिक्षुणी धम्मवती गुरूमाँ
२. भिक्षुणी अनोजा गुरूमाँ
३. सानुरत्न स्थापित
४. भीमबहादुर श्रेष्ठ
५. वर्देश मानन्धर
६. डा. चन्द्रेश तुलाधर
७. हरिमान रञ्जित
८. धनबहादुर नकर्मी



Downloaded from http://dhamma.digital/

९. दीर्घकुमार मानन्धर, कालिमाटी

१०. मदन केसी, चोभार

११. हिरण्यसिद्धि (केशव) बज्राचार्य

१२. गौतम मानन्धर, कालिमाटी

१३. विष्णुवीर महर्जन, पाँगा

त्यस अवस्थामा म वाराणसीमा पढेर बिदाको समय नेपालमा आएकी थिएँ । त्यस जग्गाको कुरा आएपछि धम्मवती गुरूमाले मेरो मुख हेरेर भन्नुभयो - मैले त सक्दिन शायद अरूले पनि गर्दैन, अनोजाले लियो भने सक्छ र उसलाई विहार बनाउन जग्गा पनि चाहिएको छ । यसभन्दा अघि रतिराम र म जग्गाको खोजीमा यताउता घुमिरहेका थियौं । त्यो जग्गा साह्रै राम्रो भएर होला शायद हरिमान मामाले मलाई जग्गा लिन साह्रै जोड गर्नु भयो । मैले पढाई सकेपछि हेर्छु भनें र कुरा त्यसै-त्यसै बित्दै गयो । म फेरि एम.ए. को लागि वाराणसी गएँ र त्यहाँ पनि जग्गाको विषयमा चर्चा भयो । वाराणसीबाट वणधज भन्ते र विजय नेपाल आउने कार्यक्रम थियो । उनीहरू नेपाल आए र साथै यहाँको जग्गा पनि हेरेर आएछन् ।

एम.ए.को परीक्षा सिध्याएर नेपाल आएपछि पी.एच.डी. गर्नको लागि चाहिने किताबहरू बर्मामा पाइन्छ भनेर बर्मा जाने तयारी गरें । त्यस समय जग्गाको विषयमा कुरा चल्दै थियो । बर्मा जाने बेलामा भैरवकर गुरूजु आउनुभएर भन्नुभयो - हेर ! गुरूमाँ यो जग्गा तपाईंले नै लिनुपर्छ, यहाँ एउटा विहार बनाउनु नै पर्छ । तपाईंले यहाँ एउटा विहार बनाउनु हुनेछ भन्ने आशा लिएको छु भनेर एकदम कर गर्नुभएको थियो ।

रतिराम पनि सधैं विहार एउटा बनाउनका लागि मलाई



Downloaded from http://dhamma.digital/

सधैं भनिरहन्थ्यो र मलाई मद्दत गर्छु भनेर कराउँथ्यो । त्यसैको लागि हामी दुईजना जग्गा हेर्न यताउता जान्थ्यौं तर मसँग आमाले दिनुभएको अतिकति मात्र पैसा भएको र त्यतिले केही गर्न नसकिने भएकोले मलाई आँट आएको थिएन ।

२०५२ सालमा म बर्मामा ध्यान सिक्न र किताबको लागि गएको थिएँ । तर जग्गाको कुरा भएकोले मैले त्यहाँ मेरी बर्माकी दातामा देअमालाई र मलेशियाकी दातामा सोनाहारलाई भनें । देअमाले रू. ८००००।- (असी हजार) जति दिनुभयो र सोनाहारले उहाँको भाइलाई चिठ्ठी लेखिदिनुभयो । म चिठ्ठी लिएर सिङ्गापुर गएँ र उहाँको भाई लिङ्गपिङ्ग बोनले नेपाली रू.२०००००।-(दुइलाख) दिनुभयो । यति पैसा लिएर म नेपाल फर्के । नेपाल आएर मैले त्यही जग्गाको लागि मेहनत गरें तर जग्गा दुई जनाको नाममा रहेछ । त्यही जग्गाको कुरा लिएर तुतुदास मानन्धरको घरमा गयौं र जग्गा दिने निधो भयो तर दुईजनाको छुट्याउनु पऱ्यो भनेर १२ वडामा गयौं । वडाको अध्यक्षले नन्दसिद्धिको छोरालाई बोलाउनु भयो र गौतम मानन्धरले भन्यो - त्यो अर्काको चन्दा लिएर राखेको जग्गा हो कि हामीहरूले बनाउनु पऱ्यो कि त गुरूमाँहरूलाई दिनु पऱ्यो, के गर्ने ? हामीहरूले त गुरूमाँहरूलाई दिने भन्ने निश्चय गऱ्यौं भन्नुभयो । तुतुदास मानन्धरको श्रीमतीले पनि अर्काको गरी राखेको चिज हामीलाई चाहिँदैन भनेर भन्नुभयो । त्यसकारण आधा गर्नुस् र हाम्रो भएको गुरूमालाई दिन्छु भनेर वडामा भन्दा वडाले छुट्याइदियो । त्यसपछि तुतुदास मानन्धरको जग्गा अष्टमायाको (तुतुदासको श्रीमती) नाममा नामसारी गऱ्यौं र उहाँका तीनजना छोराहरूले पनि खुशी साथ धर्मकीर्ति संस्थालाई जग्गा पास गरिदियो ।

यता नन्दसिद्धि गुभाजुको त बाँकि नै थियो । त्यसको लागि



Downloaded from http://dhamma.digital/

कतिचोटी मिटिङ्ग राख्यौं र पछि नन्दसिद्धि गुभाजुले खुशी साथ गुरूमाँहरूले जे गर्न पनि मन लाग्छ त्यही गर्नु, हामी खुसी छौं भनेर खुशीसाथ मञ्जुरीनामा लेखेर दिनुभयो। अनि धम्मवती गुरूमाँ र म गएर लिएर आयौं। जग्गा त मिल्यो तर अलिकति पैसाले के गर्ने भनेर पीर लाग्यो। तर जेसुकै होस् भनेर एकदिन बुद्ध पूजा गरेर यस्तो विहार बनाउन लागेको भनेर जग हाल्ने निर्णय गरेर प्रकाशमान सिंहबाट जग हाल्ने निर्णय गर्‍यौं। दीपक मानन्धरले नक्सा लेखेर दिनुभयो। त्यो अनुसार २०५३ सालमा जग हाल्यौं। जग हाल्दा खूब पानी परेको थियो, दाताहरू पनि खूब आएका थिए, कमसेकम १५०० सय जतिलाई भोजन खुवाएका थियौं। त्यो समय गाविस थियो। यस्तो केही गर्नु परेको थिएन। त्यो समय त्यस्तै छोडेर राखेको थियो जग्गा। खोला नजिक भएको कारणले मेरो भाई उत्तमले ग्याभिङ्गवाल हालेर राख्यो। म पी.एच.डी.को लागि फेरि वाराणसी गएँ। पढाई सकेपछि मात्र केही गरूँला भनी यताउती त्यति वास्ता गरिन्। मेरो त फेरि किताब लेख्ने काम बाँकि नै थियो। भाइवामा त पास भएँ, खुशी लाग्यो, अब लेख्ने काम शुरू गरें, लेख्न सिद्धिएपछि गर्मी महिना आयो। त्यहाँ बस्नु गाह्रो भएको हुनाले नेपाल आएँ। नेपालमा धेरैजसोले सोध्ने विहार के भयो भनेर। विहार बनाउने विचार आयो अनि गुरूमासँग अनुमति लिएर २०५३ साल फाल्गुण १७ गतेदेखि लगातार सुरू गरें। पहिला जग खनाउने भयो। राम महर्जन (वनस्थली), चिनीकाजी, जुजुभाई महर्जन, सुख प्रजापति, कुलबहादुर महर्जन, गोविन्द महर्जन, धर्म महर्जन, मचाम्ह महर्जन, जोगनारायण महर्जन, पाण्डबमाली(भाजंगल), राममाया, विकुमाया (पांगा), दशर्थमी शरण महर्जनहरु आफूले नै खाना लिएर काम गर्न आए। पाटीमा पनि सुत्थें। पाटीमा त पहिला हानां तबा सुत्ने अनि आफूलगायत् भैरवकर गुरूजु, पञ्च महर्जन, दीर्घ मानन्धर, मैयाँ मानन्धर, रतिराम, उषा, बावुदाई, कालु धाख्वा, सिद्धिलाल महर्जन,



Downloaded from http://dhamma.digital/

ठेकेदार, उहाँको छोरा, छोरी, श्रीमती मेरा भाइ उत्तम तथा बुहारीहरू विकुमाया र अमला, ज्ञान शाह (रामदेवी), संगीता, डकर्मीहरू, कालुदाई, धर्म दाई, ध्रुव राजकर्णिकार, कृष्णमान महर्जन, केशावती, मणिक बज्राचार्य हुन्थे। एक एक रात सुत्ने रत्नमञ्जरी गुरुमाँ, धम्मवती गुरुमाँ, चमेली गुरुमाँ, शुभवती, उसुन्दर, विजय बज्राचार्य, दिपक बस्नेत, गंगा शाक्य, पुष्प महर्जन(मासगल्ली), राम महर्जन(कालीमाटी), सन्तमान महर्जन (भाजंगल), मेरी आमा लक्ष्मी महर्जन, मेरी फुपू सुत्नुभएको थियो। मेरी बुहारी विकुमाया र अमला त पालैपालो गर्ने यिनीहरू हुँदा मलाई सजिलो लाग्ने नत्र आफूले नै खाना बनाउनुपर्ने, खुवाउने र भाँडा माझ्नु पर्थ्यो। संगीता शाह, मानिक बज्राचार्य, विजय बज्राचार्य, उकुण्डल, भिक्षु उसुन्दर, बर्माबाट पाल्नुभएका रुजा र कृष्णमान महर्जन यिनीहरू सवै कुनै एकरात, कुनै दुईरात कुनै आजसम्म पनि सहयोग गरिरहनुभएको छ।

कहिलेकाहीं एक्लै सुत्नुपर्ने अवस्था आउँछ। यो ठाउँ त डरलाग्दो ठाउँ हो। यो त मसानघाट र एकान्त ठाउँ पनि हो। अहिले आएर एक दुई घर बनेका छन्। अहिले केही समस्या छैन। पानीको लागि कुमार कार्कीले मद्दत गर्नुभएको थियो।

एक्लै सुत्नुपर्ने समयमा पनि नडराइकन सुतेको याद आउँछ। अरूहरू सुत्दा हातहतियार लिएर सुत्छन्। ७ बजे नै सुनसान हुन्छ। कुकुरहरू पनि हिंड्दैनन्। बेलुकी ७ बजेपछि बुद्धपूजा गर्ने, परित्राण गर्ने र १० बजेपछि एकघण्टा ध्यान गर्दा राति ११ बजी हाल्छ, अनि सुत्ने। विहान ४ बजेतिर बिउँझिन्छ। त्यो रात सकिन्छ, अर्को रात पनि त्यस्तै गर्ने - यस्तो मसानघाटमा। आफूसँग शस्त्रअस्त्र केही थिएन। अरूहरू भए एक्लै सुत्नुपरे हातमा शस्त्रअस्त्र लिएर बस्ने गर्छन्। तर मचाहिं भगवान बुद्धको सत्य वचन परित्राण पाठ गरेर अनि जिन्दगीलाई नभई नहुने ध्यान



Downloaded from http://dhamma.digital/

गरी मन एकचित्त गर्ने, त्यही ध्यान र पाठलाई अपनाई विश्वास गरेर सुत्ने गर्छु । राति ११ बजेसम्म पाठ र ध्यान गर्ने त्यसपछि त निद्रा आइहाल्दोरहेछ । कहिलेकाहिँ रातमा धोखा घच्घच्याउन आउँछन् । कहिले बोलाउन आउँछन् । धोखा खोलेर हेर्दा केही पनि देखिँदैन । कहिलेकाहिँ जँड्याहाहरू आउँछन् । उनीहरूले आएर यहाँ विहार नबनाउनु भनेर मलाई हप्काउँछन् । अनि मैले नम्र भई उनीहरूलाई भगवान बुद्धको मन्दिर बनाउन खोजेको, यो सबैको मन्दिर हो, तपाईंहरूको पनि हो भनिदिँदा हुन्छ बहिनी हुन्छ भनेर फर्केर जाने गर्छन् । त्यो पाटीमा १४ महिना सुतेँ । त्यो अवधिमा नाना तरहको मानिसहरूको आवाज सुन्दै धेरै खालका अप्ठ्याराहरूसँग रातहरू बिताएको आजसम्म पनि सम्झना भइरहन्छ । धर्म उपदेश भनेको सुन्नु अति आवश्यक छ । भगवान बुद्धको उपदेशअनुसार पहिला सुन्नुपर्छ, त्यसपछि हो होइन विचार गर्नुपर्छ अनिमात्र अध्ययन र अनुशरण गर्नुपर्छ अर्थात् व्यवहारमा लागू गर्नुपर्छ । कुनै पनि राम्रा ज्ञानहरू एकचित्त भई सुन्नु अति आवश्यक हुन्छ ।

सुन्दरीघाटको त्यो पाटीमा मलाई एक्लै सुत्न आँट आउनुको कारण भगवान बुद्धको पालामा घटेको घटना र भिक्षुहरूको साहसको कथा मनमा राख्न पाउँदा नै हो ।

घटना यस खालले घटेको भनिन्छ :-

श्रावस्ती नगरमा अनाठपिण्डिक महाजनले बनाएर दिनुभएको जेतवन विहारमा भगवान बुद्ध बस्नुभएको थियो । उक्त श्रावस्ती नगरस्थित जेतवन विहारमा २५ वर्ष मै जवान बुद्धले वर्षावास गर्नुभएको थियो । त्यही अवस्थामा त्यहाँ चुन्द नाम गरेका भिक्षु र उहाँका साथीहरूसहित एउटा गाउँमा गए र पछि वर्षावास गर्ने इच्छा गर्नुभयो । त्यो गाउँमा धेरै नै अज्ञानी तथा बुझ्ने पनि



Downloaded from http://dhamma.digital/

नबुझेझैं गर्ने मानिसहरूको बस्ती थियो । भनिन्छ एकदम निदाएको व्यक्तिलाई बिउँझाउन सजिलो छ त्यस्तै नसुतेका व्यक्तिलाई उठाउन पनि सजिलो हुन्छ तर आधा निद्रामा सुतेको व्यक्तिलाई उठाउन धेरै नै गाह्रो हुन्छ । त्यस्तै त्यो गाउँका व्यक्तिहरू धेरै नै अनपढ, बदमास, सोधपुछ नगरी अरूलाई गाली गर्ने, कुटपिट गर्ने, जथाभावी भन्ने, एकदम घमण्ड गर्ने, मैत्री करूणा अलिकति पनि नभएको गँवार तथा जंगली खालका थिए । त्यहाँका मानिसहरू दुईखुट्टा भएका अमानवीय पशुहरूजस्तै थिए । मानवमा हुनुपर्ने गुण भनेको अलिकति पनि थिएन । त्यसैले त्यो गाउँमा वर्षावास बस्न धेरै गाह्रो हुन्छ भनेर भगवान बुद्धले भिक्षुहरूलाई सम्झाउनु भएको थियो ।

त्यसपछि भिक्षु चुन्दसहित अरू भिक्षुहरूले पनि प्रार्थना गरे । भगवान शास्ता ! त्यो गाउँका मानिसहरूले हामीलाई कुटपिट नगरी गाली मात्र गऱ्यो भने हामीलाई कुटपिट गरेन भनी मनमा राख्ने । पछि तिनीहरूले दोष लगाउने छैनन् । यदि तिनीहरूले कुटपिट गरी हाम्रो हातखुट्टा भाँचिदिए भने हामीलाई मारेको त छैन भनेर मनमा राख्नुपर्छ । तिनीहरूदेखि रिसाउने हैन । तिनीहरूले नबुझेर यस्तो गरेको हो । हाम्रो कर्म नै यस्तै रहेछ । हामीले पनि पहिला त्यस्तै गरेर आएकोले आज त्यस्तै भोग्नुपरेको भनेर मनमा राख्नुपर्छ । यदि मार्न नै आए भने जन्मेपछि एकदिन मर्नुपर्छ । जन्म भएको नै मर्नको लागि हो । कालले होस् वा अरूको हातबाट, एकदिन मर्नैपर्छ भन्ने मनमा राख्नुपर्छ । उनीहरूप्रति केही द्वेष भावना, क्रोध गर्ने हैन भगवान शास्ता भनेर प्रार्थना गर्नुभयो ।

उनीहरूको कुरा सुनेर भगवान बुद्धले खुशी भएर साधु साधु साधु भनेर साधुकार दिनुभयो । अनि भगवान बुद्धले अनुमति दिएपछि उनीहरूको साहस देखेर खुशी हुनुभयो । अनि भगवान



Downloaded from http://dhamma.digital/

बुद्धलाई बन्दना गरेर सरासर उनीहरूले चाहेको गाउँमा गएछन् । त्यस गाउँमा गएर एकठाउँमा बसेछन् । दुःख सुख त भोग्नैपर्छ, आफूले चिताएको पूरा हुने हो । भोलिपल्ट विहानै भिक्षाको लागि जानुपर्‍यो । के गर्नु भिक्षु, भिक्षुणी भएपछि दाताहरूको भरमा बाँच्नुपर्छ । घरमा जति सम्पत्ति भएता पनि जति खान मिलेतापनि अर्काको भरमा बाँच्नुपर्छ । सबै त्याग गर्न सकिन्छ तर पेट त्याग गर्न सकिँदैन । आमा, बुवा, धन सम्पत्ति, इष्टमित्र, घर परिवार सम्पूर्ण त्याग गर्न सजिलो हुन्छ । तर पेट त्याग गर्न भगवान बुद्धले पनि सक्नुभएको छैन । त्यसैकारण चुन्द तथा अन्य भिक्षुहरूले पनि पेट त्याग गर्न नसेर भिक्षाको लागि जानुभयो ।

भिक्षुहरू भिक्षा लिन जाँदा कसैले गाली गर्‍यो, कसैले आँखा ठूलो गरेर हेर्‍यो, कसैले माया गरेर हेरिराख्यो भने कसैले दान दियो । जस्तोसुकै व्यवहार देखाएपनि भिक्षुहरूले केही भनेनन् । दिनदिनै भिक्षा माग्न गइरहे । यो क्रम धेरै दिनसम्म चलिरह्यो । समयक्रमसँगै गाउँलेहरूको मन परिवर्तन हुनथाल्यो । उनीहरू भिक्षुहरूकहाँ जान थाले । अनि भिक्षुहरूले ती गाउँलेहरूलाई उपदेश दिए । उपदेश यस्तो थियो : जति सम्पत्ति भएतापनि जति राम्रो भएतापनि एकदिन मरेर जानुपर्छ । नित्य भनेको केही छैन । सबै अनित्य छ । धनसम्पत्ति, जनसम्पत्ति, आफ्नो शरीर सबै परिवर्तित र अनित्य हो । त्यसैकारण हरेक क्षेत्रलाई विचार गर्नुपर्छ, होस् गर्नुपर्छ, अभिमान गरेर केही फाइदा छैन । क्रोध निकालेर केही फाइदा छैन, जति दुःख सुख आएतापनि सहनुपर्छ । परस्पर मैत्री, करूणा, मुदिता र अपेक्षा राख्नुपर्छ । अनिमात्र जीवनको सार हुन्छ । यस्तै खालको ज्ञान प्राप्तिपछि तिनीहरूको जीवन सफल हुँदै गयो ।

यस्तै सद्ज्ञानले गर्दा मलाई पनि सुन्दरीघाटको पाटीमा



Downloaded from http://dhamma.digital/

सुत्ने शक्ति आएको हो । यस खालको उपदेशलाई सम्झना गर्दा आरामसँग निद्रा आउँछ, केही चिन्ता लाग्दैन । त्यसैकारण प्रवचन भनेको सुन्नुपर्छ । प्रवचन सुन्नु अति आवश्यक छ । सुनेर राम्रो उपदेशलाई अपनायो भने आफूलाई पहिला फाइदा हुन्छ त्यसपछि अरूलाई पनि फाइदा पुग्छ । बैंशछँदा जवानीमा हामीलाई कसैको आवश्यकता हुँदैन । जब बैंश ढल्केर जान्छ त्यो समयमा धर्मको आवश्यकता हुन्छ । जस्तै बृद्ध अवस्थामा जब शरीर कमजोर हुँदै जान्छ त्यो बेला लौरोको आवश्यकता हुन्छ । त्यस्तै विरामी हुने बेलामा धर्मको सहारा चाहिन्छ । मानिसले धेरै सम्पत्ति छ, छोराछोरी, इष्टमित्रहरू धेरै छन् भनेर घमण्ड गर्नु बेकार छ । आफ्नो शरीर आफूले नै वशमा राख्न सक्दैन भने ती छोराछोरी र धनसम्पत्तिले के गर्छ ? यहाँ सम्पत्ति र छोराछोरी चाहिँदैन भन्न खोजिएको होइन । त्यो पनि आवश्यक छ । तर त्यसैमा मन तास्नु हुँदैन । घमण्ड गर्नु हुँदैन भनेको मात्र हो । जे होस् धर्मको सहारा अति आवश्यक छ । जीवनमा धर्मले नै शान्ति प्राप्त हुन्छ, मन आनन्द हुन्छ । राम्रो उपदेश र ज्ञानले आफूले गरिराखेका राम्रो कामले आफूलाई सन्तोष दिलाउँछ । नत्र मानिसले आफ्नो सम्पत्ति दान गर्नु, आफूले सकेको मद्दत गर्नु किन ? अबुद्धि भएर हो त ? होइन । मैले पनि अरूको दुःख भइराखेको मनलाई शान्ति दिलाउन सकोस् भनेर यस खालको गाह्रो काम रोजें । चुन्द भन्तेको आँतलाई मनमा राखेर एक्लै पाटीमा बस्नु परेतापनि उत्साही भएर लागें । अनि यो सुलक्षणकीर्ति विहार यस रुपमा उठ्यो ।

पाटीमा बस्दा त्यही प्रकारले मलाई मद्दत गर्ने र भात पकाएर खुवाउने व्यक्तिहरू कहिले पनि भुल्न सक्दिँन । पञ्चदाइ, चन्तालक्ष्मी, लक्ष्मी, कृष्णदेवी, छोरी महर्जन, मैंया मानन्धर, उषा, कृष्णमान,



Downloaded from http://dhamma.digital/

रतिराम, अमला, विकुमाया, राममाया महर्जन, गंगा शाक्य, ध्रुव राजकर्णिकार, जनकमाया रञ्जित आदिले भात पकाउने, भाँडा माझ्ने तथा जग्गाको काममा समेत सहयोग गर्नुभएको थियो ।

बिहार बनाउनको लागि मद्दत गर्ने र चन्दा सहयोग गरेर मद्दत गर्ने दाताहरूको नामावली क्रमशः सबै प्रकाशित छन् । कसैले शरीरबाट, कसैले वचनले र कसैले धनबाट मद्दत गरेर यो विहार यतिसम्म पुगेको हो । यदि दाताहरूले मद्दत गर्नुभयो र मप्रति विश्वास गर्नुभयो भने अरू अरू पनि थुप्रै सुन्दर धामहरू बनाउने मेरो ठूलो इच्छा छ ।

यो विहारवाट भएका कार्यहरू तपसिल वमोजिमका छन् ।

- २०५५ साल असोज ६ गते सोमबार श्रद्धेय महानायक भिक्षु अनिरूद्र महास्थवीरज्यूको उपादेयतामा जापानको राजकुमारकी श्रीमती मिचिको इटोकी छोरी सुश्री जेन्सी इटोलाई प्रवज्या गरेको र उहाँको नामांकरण महामायादेवी गरेको थियो । त्यस समयमा भिक्षु, भिक्षुणी तथा उपासक, उपासिकाहरू गरी २००० जतिको उपस्थिति थियो ।
- २०५५ साल माघ १८ गते सोमबारको दिनमा श्रद्धेय धम्मवती गुरूमाँद्वारा स्वास्थ्यसेवा क्लिनिकको उद्घाटन गर्नुभयो । उक्त दिन (अनुला+अतुला) रामदेवी र रीतालाई प्रवज्या गरियो । सो समयमा पनि करीव एक हजार उपासक, उपासिकाहरूको उपस्थिति थियो ।
- २०५७ कार्तिक २६ गते शनिबारको दिन सुलक्षणकीर्ति विहार स्थापना तथा बुद्धमूर्ति प्रतिस्थापन र विहारको सत्प्रयासमा प्रकाशन शुरू भएको सुगत सन्देशको श्रद्धेय संघनायक भिक्षु अनिरूद्र महास्थवीरबाट विमोचन भएको थियो ।
- २०५८ जेठ २० गते शनिबार मित्रराष्ट्र थाइल्याण्डका महास्थवीर



Downloaded from http://dhamma.digital/

थवी भन्तेज्यू तथा दाताहरूको सौजन्यबाट प्राप्त भगवान बुद्धको मूर्ति तथा विहारका प्रमुख भिक्षुणी अनोजा गुरूमालाई भारतको सम्पूर्नानन्द विश्व विद्यालयबाट 'अभिधम्म ओतार' विषयमा विद्यावारिधी उपाधि प्रदान गरिएको सम्मान समारोह गरिएको थियो ।

- २०५९ असार २९ गते विहार प्रमुख डा. अनोजा गुरूमाको ४३ औं शुभजन्मोत्सव र विहारको माथिल्लो तलामा श्रद्धेय भन्ते श्री अश्वघोषबाट चैत्य र ध्यान कक्ष निर्माणको शिलान्यास सुसम्पन्न भयो ।
- २०६० साउन २ र ३ गते सुलक्षणकीर्ति विहार चैत्य स्थापनाको पुनीत कार्य र शुभजन्मोत्सवको सुअवसर पारेर जगतोद्धारको कामना गरी भिक्षुसंघद्वारा पवित्र महापरित्राण पाठ भयो । दाताहरू र उपासक उपासिका गरी करीब ६००० जना पाल्नुभएको थियो ।

यस खालको औपचारिक कार्यक्रमका साथै यसै विहारबाट सुरुवातकालमा भिक्षुणी तालिमको लागि चीन, बुद्धगया र B.L.I.A. को सेमिनारमा क्यानाडाको तोरोन्तोमा गएको थिएँ । धर्म प्रचारका लागि पनि धेरै ठाउँमा गइयो । बौद्ध तीर्थयात्रा नेपालभन्दा बाहिर विदेशमा पनि गइएको थियो ।

- २०५५ पौष १ गते ६० जवानलाई लुम्बिनी, कुशीनगर, श्रावस्ती, पिलिभिता, हरिद्वार, ऋषिकेश, दिल्ली, आगरा, कानपुर, वृन्दावन, त्रिवेणी (इलाहावाद), वाराणासी, बुद्धगया, राजगृह, पटना, वैशाली, रक्सौल, वीरगञ्ज, काठमाडौं गरी जम्मा २१ दिनको भ्रमण भएको थियो ।
- २०५६ मंसिर २३ गते २० जवानलाई बर्मा, थाइल्याण्ड लगिएको



Downloaded from http://dhamma.digital/

थियो ।

- २०५६ साल पौष २४ गते ४० जवानलाई २१ दिन भारत भ्रमण गराइएको थियो ।
- २०५७ पौष ३१ गते ९ जनालाई २६ दिनसम्म श्रीलंका, मद्रास, बैंगलोर, सारनाथमा भ्रमण गराइएको थियो ।
- २०५९ मंसिर ८ गते (२००२ नोबेम्भर २४) मा ४० जनालाई लुम्बिनी, कपिलवस्तु, श्रावस्ती, कुशीनगर, वाराणसी, बुद्धगया, राजगृह, पटना, वैशाली, रक्सौल, वीरगञ्ज, काठमाडौंमा १३ दिन घुमाइयो ।
- २०५९ माघ २३ गते (२००२ जनवरी ७) मा २२ जनालाई थाइल्याण्ड, बर्मा, सिंगापुर गरी २० दिनसम्म भ्रमण गराइयो ।
- २०६० साल पौष २७ गते चारधाम, गंगासागर, कलकत्ता, जगनाथमा बौद्ध तीर्थयात्रा गरिएको थियो । जम्मा ४५ सहभागी भएको सो तीर्थयात्रा थियो ।

## देशभित्र भएको बौद्ध यात्रा

- २०५६ फागुन १४ गते शनिबारः दोलखामा बुद्धपूजा गर्न गएको । दुईवटा बसमा १०५ जना सहभागी भएको र दोलखा, खासा, तातोपानीमा दुइदिन बाससमेत बसेको थियो ।
- २०५६ मंसिर : न्यागमनीको नाममा बुद्धपूजा गरेको ।
- २०५७ मंसिर ३ गते शनिबार (२००० नोबेम्भर १८) : नमोबुद्धमा ५ वटा बससहित बुद्धपूजा गर्न गएको ।
- २०५९ चैत्र २९ गते (२००३ अप्रिल १२) : जामाचोमा तीनवटा बसमा बुद्धपूजा गर्न गएको ।
- २०५९ मंसिर ५ गते विहीबार (२००३ नोबेम्भर २१) : एउटा



Downloaded from http://dhamma.digital/

बसमा लुम्बिनीमा तीर्थयात्रा गएको ।

- २०६० साल श्रावण २४ गते शनिबार (२००३ अगष्ट ३) : पलाञ्चोकमा तीनवटा बसबाट बुद्धपूजा गर्न गएको ।
- २०६० : गोदावरीमा तीनवटा बसबाट बुद्धपूजा गर्न गएको ।

## रक्तदान र अन्य गतिविधि

- २०६० साल भदौ २५ गते बिहीबार (११ सेप्टेम्बर २००३) मा भएको रक्तदानमा २० जना सहभागी ।
- २०६० साल भदौ २९ गते सोमबार (१५ सेप्टेम्बर २००३) बृद्धाश्रममा ८१ जनालाई कपडा र २०५ जनालाई विस्कुट, फलफूल, साबुन वितरण गरेको ।
- २०६० साल असोज २४ गते शनिबार (११ अक्टोबर २००३) प्रशिक्षण तालिम गरियो । यस्तो प्रशिक्षण ५ पटक भइसकेको छ ।
- २०६० असोज ६ गते विहिबार (२८ अक्टोबर २००३) B.L.I.A. नेपालले आन्द्र प्रदेशमा भएको सेमिनारमा भाग लिन गएको । अनोजा, रतिराम, पञ्चनारायण, रामबहादुर, प्रेमबहादुर, देवकाजी शाक्य, माधुरी शाक्य, रमेश मुनिकार र सरिता महर्जन सहभागी भएका थिए ।
- २०६० साल असोजतिर उद्घोषण तालिम ।
- २०६० कार्तिक २३ गते वार्षिक उत्सव ।
- २०६० माघ २७ गते लुम्बिनी, बुद्धगया, श्रावस्ती, सारनाथ, कुशिनगर, गंगासागर, जगनाथ तीर्थयात्रा ।
- २०६१ भाद्र ७ गते सोमबार B.L.I.A. को सेमिनार ।
- २०६१ मंसिर ४ गते पाठेघर जाँच ।
- २०६१ मंसिर १२ गते रक्तदान कार्यक्रम ।

OOO



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहारका
# कोठा दाताहरूको नामावली

१) हरिनारायण मानन्धर र श्रीमती रत्नमाया मानन्धर सपरिवार, बनेपा वांख्योटोल ।

२) श्रीमती दिलमाया महर्जन परिवार र श्री भीमबहादुर श्रेष्ठ, मासंगल्ली ।

३) Mr. Lim Peng Boom, Malaysia.

४) Mr. Lim Siew Jong, Malaysia.

५) श्री मदनकाजी शाक्य, ओमवहाल ।

६) श्रीमती दानमाया प्रजापति परिवार, ज्याठा ।

७) धर्मकीर्ति पुलाँ पुचः, श्रीघः ।

८) - श्री धर्मवीर शाक्य र श्रीमती हेरादेवी शाक्य परिवार, जमल ।
- श्रीमती मिश्री शाक्य सपरिवार, असन ।
- श्रीमती चन्द्रदेवी शाक्य सपरिवार, मासंगल्ली ।
- श्रीमती लक्ष्मीनानी र हेरादेवी तुलाधर, काठमाडौंको संयुक्त सहयोगमा ।

९) श्री माणिकरत्न शाक्य र दानकेशरी शाक्य परिवार, क्षेत्रपाटी ।

१०) श्री इन्द्रलाल नकर्मी, त्रिपुरेश्वर ।

११) श्री मानभगत र लक्ष्मीमाया महर्जन, खोकना ।

१२) श्री हरिमान र जनकमाया रञ्जित परिवार, छाउनी ।

○○○



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहारका लागि सामानका दाताहरूको नामावली

१) स्व. पिताको नाममा मदन शाक्य, ओमबहाल -टेलिफोन एक सेट
२) नारायण महर्जन, कालिमाटी -रोडा ४०० क्यूब
३) कीर्तिमाया पुचः, धर्मकीर्ति -जमिनमा पानी ट्याङ्की
४) स्व. मातापिताको नाममा भिमबहादुर श्रेष्ठ, मासंगल्ली, मूल ढोका एक जोर
५) रामबहादुर राममाया महर्जन, बल्खु -कोल्याप्स एकजोर
६) दीपक बस्नेत, कुलेश्वर -बीचको तल्लाका लागि बिजुलीको सामान
७) सिद्धिलाल महर्जन, पाङ्गा -हलमा झ्याल ढोका
८) पाण्डव माली, भाजंगाल -हलमा ग्रील निर्माण
९) इन्द्रलाल नकर्मी, त्रिपुरेश्वर -ट्वाइलेट तथा वाथरुमका सामान
१०) नरहरि र ज्ञानमाया नकर्मी, सितापाइला -वाथरुम सामान
११) प्रेमबहादुर र गणेशकुमारी महर्जन, टेकुसी -सोलारसेट
१२) - श्रीमान्/श्रीमती गोपीचन्द्र बादे श्रेष्ठ, बनेपा
- श्रीमान्/श्रीमती चिनियाकाजी तुलाधर, भोटाहिटी
- श्रीमान्/श्रीमती मिश्रीकाजी श्रेष्ठ, धुलिखेल
- श्रीमान्/श्रीमती सुदर्शन श्रेष्ठ, धुलिखेल
- श्रीमान्/श्रीमती चन्द्रमान नान्जू, बागबजार
- श्रीमान्/श्रीमती जुजुरत्न स्थापित, मखनटोल

संयुक्त रूपमा धर्महल, तेस्रो तल्ला र ध्यानागारमा विजुलीको सामानहरू

१३) श्री चन्द्रलाल नकर्मी, बाहिटी -बार्दली र कोठा बाहिर -लबीमा चिप्स
१४) श्री कुलधर्म रत्न, महाबौद्ध -काठको ६ वटा बेञ्च
१५) श्री विष्णुभक्त र विष्णु देवी -रोडा ४०० कि.बि.
१६) श्री सिद्धिलाल महर्जनबाट निर्माण कार्यकालमा ३ महिना नि:शुल्क मेहनत ।

०००



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहार चैत्य निर्माणको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली

| | | |
|---|---|---|
| १) | हरिमान रञ्जित, जनकमाया रञ्जित, छाउनी | – ५१,००१।- |
| २) | प्रेमबहादुर, गणेशकुमार महर्जन, बल्खु | – २५,०००।- |
| ३) | स्व. माँ बा नामं दिलमाया महर्जन, मासंगल्ली | – १०,०००।- |
| ४) | पूर्णबहादुर प्रजापति, ज्याठा | – ५,००५।- |
| ५) | संजयप्रताप शाह, कालिमाटी | – ३,५००।- |
| ६) | शिलतारा श्रेष्ठ, कुलेश्वर | – ५,०१०।- |
| ७) | इन्द्रलाल नकर्मी, त्रिपुरेश्वर | – २०,०००।- |
| ८) | धम्मावती गुरुमाँ, धर्मकीर्ति विहार | – ३,००५।- |
| ९) | मागुना गुरुमाँ, धर्मकीर्ति विहार | – ५,०१५।- |
| १०) | तिर्थमाया महर्जन, बसुन्धरा | – ५,०००।- |
| ११) | सानुमाया महर्जन, कालिमाटी | – ५,०५०।- |
| १२) | चिनीमाया महर्जन, चावेल | – ३,०२५।- |
| १३) | तारादेवी, वासुदेव तुलाधर, टेकुसी | – ३,०००।- |
| १४) | रत्न मन्जरी गुरुमाँ, धर्मकीर्ति विहार | – ३,०१५।- |
| १५) | ललितराज, हेरालक्ष्मी बज्राचार्य, पाटन | – १०,०२५।- |
| १६) | बुलाल सानुमाया महर्जन, पाटन | – ३,०२०।- |
| १७) | दिलरत्न शाक्य, विद्या शाक्य, नयाँबानेश्वर | – ४,१००।- |
| १८) | तारादेवी राजकर्णिकार, चावहिल | – ४,३४३।- |
| १९) | माधवी गुरुमाँ थैना, पाटन | – ३,०००।- |
| २०) | रामहरि मुनिकार, वनस्थली | – ३,००५।- |
| २१) | सरस्वती माया मानन्धर, गैह्रीधारा | – ३,०००।- |
| २२) | जनकराम, मैतिदेवी | – ३,३३३।- |
| २३) | पुण्यरत्न तुलाधर, असन | – ३,०५५।- |
| २४) | चन्द्रलाल नकर्मी, सितापाइला | – ४,०४०।- |
| २५) | चम्पा महर्जन, त्यौड | – ३,००५।- |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| २६) | बेखानारायण झ्याप्पु महर्जन, कमलाक्षी | – ५,०१०।- |
| २७) | श्यामरत्न रञ्जितकार, छाउनी | – ६,०००।- |
| २८) | आशानारायण महर्जन, कालिमाटी | – ३,०२५।- |
| २९) | छोरी पुचः, सुलक्षण कीर्ति विहार | – ३,०२०।- |
| ३०) | छोरी महर्जन, बालाजु | – ३,०१०।- |
| ३१) | लक्ष्मी नानी, ज्याठा | – ३,०००।- |
| ३२) | बसुन्धरा, बेखानारायण महर्जन, मैतिदेवी | – ३,२००।- |
| ३३) | स्व. पञ्चनारायणको नाममा रिता महर्जन, बागबजार | – ३,५५५।- |
| ३४) | सुशीला ताम्राकार, भोटाहिटी | – ५,०००।- |
| ३५) | स्व. चन्द्रदेवीको नाममा सूर्यदेवी सिंह, टेकू | – ३,०११।- |
| ३६) | सुन्दरी राजवंशी, वनस्थली | – ३,००१।- |
| ३७) | लक्ष्मी हिरा, अमिरमान तुलाधर, चावहिल | – ५,००१।- |
| ३८) | स्व. हरिबहादुर महर्जन, धर्मकीर्ति विहार | – ३,०००।- |
| ३९) | मिठाइ रञ्जित, मजिपाट | – ३,०९२।- |
| ४०) | अष्टमाया पुचः, तंलाक्षी | – ३,००५।- |
| ४१) | भाइराजा, ज्ञानशोभा बज्राचार्य, विशालबजार | – ६,०५१।- |
| ४२) | अष्टमाया जुजुभाइ महर्जन, टेवहाल | – ६,५००।- |
| ४३) | स्व. दिलकुमारी ताम्राकार | – ३,१०१।- |
| ४४) | स्व. लक्ष्मीमाया तुलाधर | – ३,१०१।- |
| ४५) | दो पञ्चाचारी गुरुमाँ, वर्मा | – ३,०००।- |
| ४६) | रामबहादुर, बल्खु | – ५,५५५।- |
| ४७) | अम्बरबहादुर नकर्मी, ठँहिटी | – ३,०२०।- |
| ४८) | न्हुछेमाया, ठँहिटी | – ३,०२०।- |
| ४९) | राम डंगोल, पुल्चोक | – ५,००५।- |
| ५०) | लक्ष्मी महर्जन, कोहिटी | – ५,०११।- |
| ५१) | रविलाल, रमा खरेल, कुलेश्वर | – ६,०००।- |
| ५२) | सानुमाया, काजी महर्जन, वहिटी | – ३,०२०।- |
| ५३) | दानमाया प्रजापति, ज्याठा | – ५,०००।- |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| ५४) | पूर्णहेरा तुलाधर, टंगाल | – ५,०००।- |
| ५५) | नारायण तुलाधर, टेकुसी | – ३,०००।- |
| ५६) | पुनमाया महर्जन, वहिटी | – ३,०२०।- |
| ५७) | चमेली गुरुमाँ, धर्मकीर्ति विहार | – ३,०००।- |
| ५८) | राम महर्जन, कालिमाटी | – ३,०००।- |
| ५९) | कृष्णदेवी महर्जन, कालिमाटी | – ३,०००।- |
| ६०) | अमूल्यरत्न, प्रकृति तुलाधर, ठमेल | – १०,०००।- |
| ६१) | बसला दर्शनधारी, कीर्तिपुर | – ३,००५।- |
| ६२) | बौद्धलक्ष्मी शाक्य, सुन्दरीघाट | – ५,०००।- |
| ६३) | चन्द्रमाया मानन्धर, वटु | – ३,००५।- |
| ६४) | मिश्री रञ्जितकार, कुलेश्वर | – ३,०००।- |
| ६५) | सिद्धिबहादुर महर्जन, चोभारगेट | – ३,०००।- |
| ६६) | धर्मबहादुर शाक्य, पाटन | – ३,०००।- |
| ६७) | शङ्खनारायण डङ्गोल, कुलेश्वर | – ३,०००।- |
| ६८) | स्व. धर्मानन्द शाक्य, चन्द्रदेवी शाक्य, मासंगल्ली | – ६,५५५।- |
| ६९) | पूर्णतारा ताम्राकार, न्हैंक त्वा: | – ३,००५।- |
| ७०) | स्व. राम महर्जन, जयबागेश्वरी | – ३,०२५।- |
| ७१) | जमुना महर्जन, जयबागेश्वरी | – ३,५००।- |
| ७२) | शान्ति मानन्धर, गणवहाल | – ३,००१।- |
| ७३) | स्व. दिलमायाको नाममा पुष्परत्न, स्वयम्भुरत्न महर्जन, मासंगल्ली | – ५०,०००।- |
| ७४) | स्व. मातापिताको नाममा विष्णुभक्त, विष्णुदेवी रञ्जित, कलंकीबाट रोडा १०० क्यु. र ११,०००।- | |
| ७५) | स्व. कालुमानको नाममा सन्तुमाया डङ्गोल, वटुबाट सुन १ तोला | |
| ७६) | डबलरत्न तुलाधर, निलशोभा तुलाधर, पुल्चोक | १०,०००।- |
| ७७) | सुश्री निलम तुलाधर, पुल्चोक | – १०,०००।- |
| ७८) | Ven Chueh Men, TAIWAN | – ३८,२५०।- |
| ७९) | अकलमान सिंह डङ्गोल, कुलेश्वर | – ३,१०१।- |



Downloaded from http://dhamma.digital/

८०) शान्ता महर्जन, कालीमाटी – ३,०००।-

८१) हेरामैया नकर्मी, ज्याबाल – ३,०००।-

८२) सपना महर्जन, पाङ्गा – ३,०३०।-

८३) दानकेशरी शाक्य, भेंडासिं – ३,०००।-

८४) हेरा महर्जन, महाराजगंज – ३,०००।-

८५) सिद्धिरत्न बज्राचार्य, यट्खा – ३,०२५।-

८६) स्व. अष्टमान महर्जन, गोफल, इनाखा – ३,०१५।-

८७) स्व. पुष्कर तुलाधर, लाजिम्पाट – ३,५००।-

८८) कर्ण महर्जन र नानी छोरी, ठमेल – ६,०१५।-

८९) लतंनारायण महर्जन, यंगाल – ३,०१०।-

९०) गणेश दर्शणधारी, कीर्तिपुर – ३,००५।-

९१) बुद्धिप्रभा तुलाधर, लाजिम्पाट – ३,०००।-

९२) श्रीजल शाह, कालिमाटी – ३,००५।-

९३) अनागारिका हेमावती, लुम्बिनी – ३,०००।-

९४) लक्ष्मी शाक्य, बाग्लुङ – ३,०१०।-

९५) सीता महर्जन, लाजिम्पाट – ३,०००।-

९६) धर्मकीर्ति पुलाँ पुचः – ५,०००।-

९७) कन्हैया संभाइज, टेकु – ३,१००।-

९८) निरन्जनकुमार रौनियार, सानेपा – ३,१००।-

९९) चिनीशोभा स्थापित, न्यूरोड – ३,०२०।-

१००)सानु महर्जन, कृष्णबहादुर – ६,०००।-

१०१)लिजिना, मिजला, उजला, नःटवा, यल – ५,०००।-

१०२)स्व. इन्द्रराजको नाममा मोतिमाया बज्राचार्यबाट ६,०००।-

१०३)प्रेमसुन्दर र रुपशोभा तुलाधरको तर्फबाट चैत्यभित्र निम पार्केट ओछ्याएको।

१०४) श्री केदारमान बज्राचार्य, सुनार गाउँ, कलंकी ५०,०००।-

१०५) स्व. मा सुवर्णप्रभा तुलाधरको नाममा विद्यासागर र सुनिता तुलाधर, ज्याठा – ५०,१००।-

१०६) बद्रीकृष्ण र सानुनानी मानन्धर, कमलपोखरी – १०,१००।-
१०७) किरण शाक्य, भेडासिं – १०,०००।-
१०८) श्याममान र प्राणमाया बज्राचार्य, कुपण्डोल – १०,१११।-
१०९) देवकाजी शाक्य, श्रीमती माधुरी शाक्य, सानेपाबाट माथि हलमा भगवानको मूर्ति स्थापना
११०) तल हलको तामाको पत्र राख्ने जिवरत्न स्थापित, बागबजार
१११) मूलढोका सहयोग गर्नुहुने स्व. आमाको नाममा अपुलमान नकर्मी, काठमाडौं
११२) कमलादेवी र पन्नादेवी बज्राचार्य, वटु, मुबाहा, काठमाडौं – १०,२००।-
११३) बुलाल र सानु महर्जन, पाटन – १०,२५४।-
११४) कौसीको बार्दली राख्नुहुने पूर्णबहादुर प्रजापति, ज्याठा
११५) मोतीलाल शिल्पकार ललितपुरबाट भगवानको ठाउँमा ग्लासको बाकस ।
११६) केदारनारायण मानन्धर तथा सुदर्शना मानन्धर ठमेलटोल, काठमाडौंबाट गुरुमाहरुको लागि आवश्यक भोजनको लागि अक्षय कोषको स्थापना ।
११७) गौतम र विकुमाया मानन्धर, बनेपा – २०,०००।-
११८) उत्तम र अमला मानन्धर, बनेपा – १०,०००।-
११९) तुलसी र जगत मानन्धर, बनेपा – १०,०००।-
१२०) अष्टमाया तँलाछी पुचः तँलाछी – १०,०००।-
१२१) बाबुकाजी महर्जन, कालधारा – १०,०००।-
१२२) स्व. आमा, बुबा र श्रीमतीसानुको नाममा हरिमान र जनकमाया रञ्जितकार, छाउनी – २५,०००।-
१२३) तुल्सी, नानीमाया महर्जन, टेंगल, ढालसिकु – १०,५०५।-
१२४) पूर्णहिरा पुचः, धर्मकीर्ति विहार – १०,०००।-
१२५) बुद्धरत्न र रामदेवी महर्जन, टेकू – १०,०००।-
१२६) स्व. आमाबुबाको नामबाट रासमान र



Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| कल्पना तुलाधर, न्हायंक त्वा | – १०,०००।- |
| १२७) स्व. आमाबुबाको नामबाट बुद्धरत्न र चन्द्रशोभा कंसाकार, ज्याठा | – १०,०००।- |
| १२८) भाइराजा तुलाधर, बसुन्धरा तुलाधर | – [redacted]- |
| १२९) भ्याली बहुउद्देश्यीय सहकारी लिमिटेड | – १०,७१५।- |
| १३०) मुनालाल, कुलेश्वर | – १५,०००।- |
| १३१) बलबहादुर र शान्त कुँवर, श्रीलङ्का | – १०,५०५।- |

ooo

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहारमा भगवान स्थापना गर्नको लागि सहयोग गर्ने दाताहरूको नामावली

[redacted]

१) मित्रराष्ट्र थाइल्याण्डका महास्थवीर थवि भन्तेज्यू तथा दाताहरूको सौजन्यबाट प्राप्त मुख्य बुद्धको प्रतिमा ।

२) श्री पञ्चनारायण महर्जन, श्रीमती चन्द्रलक्ष्मी, दिदी लक्ष्मी, कृष्णदेवी, कुलेश्वरबाट मुख्य बुद्ध प्रतिमाको दायाँपट्टि प्रतिस्थापित बुद्ध प्रतिमा ।

३) श्री सैगल तथा श्रीमती सुभद्रा श्रेष्ठ, स्वयम्भूबाट मुख्य बुद्ध प्रतिमाको बायाँपट्टि प्रतिस्थापित बुद्ध प्रतिमा ।

४) बुद्धरत्न र रामदेवी महर्जन, टेकूको तर्फबाट चिकं अपा ओछ्याइएको

५) देवकाजी शाक्य तथा श्रीमती माधुरी शाक्य, सानेपाबाट माथि ध्यान हलमा भगवानको मूर्ति निर्माण ।

६) पूर्णबहादुर प्रजापति, ज्याठाबाट कौसीको बार्दली निर्माण ।

७) मोतिलाल शिलाकार, ललितपुरबाट भगवानको ठाउँमा ग्लासको बाकस निर्माण ।

८) रामबहादुर महर्जन, बल्खुबाट चैत्यका ढोका ।

९) धर्म महर्जन र नवराज गुरुङ, भलननीबाट चैत्यका ढोका ।

१०) रत्नशोभा तुलाधर, भोटेबहालबाट चैत्यका ढोका ।

११) चन्द्रदेवी डंगोल, क्वाँदोबाट चैत्यका ढोका ।

१२) हरिसिद्धि ईँटा कारखानाबाट ४००० ईँटा ।

१३) रोयल सोप एण्ड केमिकल्सको तर्फबाट साबुन ।

OOO



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्ति विहारको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली

| | | | |
|---|---|---|---|
| १) | ज्ञानज्योति, लक्ष्मीप्रभा कंसाकार, ठमेल | १,००,०००,- |
| २) | वैद्य ललितराज बज्राचार्य, हीरालक्ष्मी र छोरीहरू लिजिना, मिजिला, उजला, न:टोल,पाटन | ६०,०००।- |
| ३) | दानमाया प्रजापति सपरिवार, ज्याठा (मूलढोका र अक्षय कोषका लागि) | ५०,०००।- |
| ४) | स्व. मातापिताको नाममा लक्ष्मी, माधुरी र जीवन मखन, काठमाडौं (धारा र अक्षय कोषका लागि) | २५,०००।- |
| ५) | धर्मकीर्ति मिजं पुच:, धर्मकीर्ति | २२,०००।- |
| ६) | विष्णुप्रसाद र मिश्री रञ्जित, कुलेश्वर | २०,०००।- |
| ७) | सानुमाया महर्जन, कालिमाटी | २०,०००।- |
| ८) | स्व. मातापिताको नाममा पूर्णबहादुर मैजू जयतमाया प्रजापति, ज्याठा | १७,०००।- |
| ९) | भाइरत्न र ज्ञानशोभा बज्राचार्य, विशालनगर | १६,१११।- |
| १०) | पुष्कर र न्हुच्छेमाया तुलाधर, लाजिम्पाट | १५,०००।- |
| ११) | नातिकाजी महर्जन, कीर्तिपुर | १३,०००।- |
| १२) | स्व. बहादुर शाक्यको नाममा तारादेवी शाक्य, ओकुबहाल | १३,०००।- |
| १३) | स्व. आइतनारायण महर्जनको नाममा आशामाया, कालिमाटी | १३,०००।- |
| १४) | स्व. मातापिताको नाममा अमरबहादुर, धनबहादुर र रामबहादुर, ढल्को | १२,००५।- |
| १५) | प्रकाश र सुशीला ताम्राकार, भोटाहिटी | ११,१११।- |
| १६) | पुण्यरत्न तुलाधर, असन | १०,१०५।- |
| १७) | स्व. दानरत्न शाक्यको नाममा प्राणदेवी शाक्य, कालिमाटी | १०,१०१।- |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| १८) | सानुमैया बज्राचार्य, विशालनगर | १०,०००।- |
| १९) | स्व. विष्णुमाया, तंगाल, गैरीधारा | १०,०००।- |
| २०) | धर्म र छोरी महर्जन, मुसुँबहा, भलानानी | १०,०००।- |
| २१) | चन्द्रदेवी शाक्य, मासंगल्ली | १०,१००।- |
| २२) | स्व. सानुनानीको नाममा मोहनमाया तुलाधर, असन | १०,००२।- |
| २३) | स्व. कालुमानको नाममा कृष्णमाया डंगोल, वटु | १०,०००।- |
| २४) | नारायणदेवी मानन्धर, मरु, काठमाडौं | १०,०००।- |
| २५) | लक्ष्मीदेवी मानन्धर, सातदोबाटो | १०,०००।- |
| २६) | वेखामाया र विष्णु रञ्जितकार, मजिपाट | १०,०००।- |
| २७) | कुलबहादुर र मोहनमाया महर्जन, कमलाछी | १०,०००।- |
| २८) | स्व. सानुमाया महर्जनको नाममा बेखामाया, ज्याठा | १०,०००।- |
| २९) | धर्मदास ताम्राकार, क्षेत्रपाटी | १०,०००।- |
| ३०) | इन्द्रमान पुच:, धर्मकीर्ति | १०,०००।- |
| ३१) | तीर्थमाया महर्जन, किलागल | १०,०००।- |
| ३२) | गोविन्द र लक्ष्मी महर्जन, कोहिटी | १०,०००।- |
| ३३) | बेखानारायण र ह्यापू महर्जन, असन | १०,०००।- |
| ३४) | कृष्णबहादुर र सानुमाया प्रजापति, ज्याठा | १०,०००।- |
| ३५) | नारायण तुलाधर, टेकुसी | १०,०००।- |
| ३६) | भि. धम्मविजय र भि. मोलिना, धर्मकीर्ति | १०,०००।- |
| ३७) | शान्तरत्न र प्रेमशोभा कंसाकार, लालदरबार | १०,०००।- |
| ३८) | सीताराम प्रजापति र नरेन्द्रश्वरी प्रजापति, नयाँबानेश्वर | १०,०००।- |
| ३९) | DAW SEIN ARKAKE, Myanmar | ८०,०००।- |
| ४०) | GENTLE MONIKA, Italy | ३०,०००।- |
| ४१) | BHIKKHU CATTRAMALO, West Malaysia | १९,०००।- |
| ४२) | DAW DAMAFRU ARKANE STATE, Myanmar | १२,०००।- |
| ४३) | DAW KHIN SU, Thailand | ११,०००।- |
| ४४) | PHRA NOPADHOL, Thai, Group | १०,०००।- |
| ४५) | Tasi Ching Yun Group, Taiwan | १,६०,०००।- |



Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| ४६) भाइराजा र बसुन्धरा तुलाधर, लालदरबार | १,६०,०००।- |
| ४७) ध्रुवदास मानन्धर, बल्खु | ६०,०००।- |
| ४८) तीर्थबहादुर शाक्य, झोछेँ | २५,०००।- |
| ४९) धम्मवती गुरुमाँ, धर्मकीर्ति | २१,०००।- |
| ५०) मदन कायस्थ | २०,०००।- |
| ५१) प्रेमबहादुर र गणेशकुमारी महर्जन, टेकुसी | १०,०००।- |
| ५२) श्री भुवन र हरिवदन बज्राचार्य, कुलेश्वर | ११,०००।- |
| ५३) रुकमणि कर्माचार्य, कुलेश्वर | ११,०००।- |
| ५४) दयावती कर्माचार्य, सानेपा | १०,०००।- |
| ५५) कुलबहादुर शाक्य र श्रीमती बेलीमाया शाक्य, त्यागल, पाटन | १०,०००।- |
| ५६) हरिनारायण महर्जन, ठमेल | १०,०००।- |
| ५७) कान्छी महर्जन, पाँगा, ध्वाखा | १०,०००।- |
| ५८) प्रभाव र बविता कंसाकार, अमेरिका | १४,६००।- |
| ५९) निलम तुलाधर, पुल्चोक | [redacted]।- |
| ६०) मूनालाल, कुलेश्वर | [redacted]।- |

○○○

Dhamma.Digital




Downloaded from http://dhamma.digital/

## सुलक्षण कीर्ति बिहार निर्माण कार्यका र अन्य गतिविधीका तस्वीरहरु



[redacted] सुलक्षण कीर्ति बिहार निर्माण गर्नुभन्दा अगाडि बुद्धपूजा सुरु गरिंदै ।



सुलक्षण कीर्ति बिहार शिलान्यास गर्दै ।

Downloaded from http://dhamma.digital/



सबभन्दा पहिला बिहार बनाउन दुईजना जग खन्दै गरेका पाँगाका सन्तमान महर्जन र हाना महर्जन ।



उपाशक/उपाशिका बिहारको लागि जग खन्दै माटो फाल्दै गरेका ।

Downloaded from http://dhamma.digital/




सुलक्षण कीर्ति बिहार निर्माण गर्दा जगाभित्र डण्डी राखेको तल, DPC ढलान ।



सुलक्षण कीर्ति बिहार निर्माण गर्दा सानो पर्खाल बनाउँदै ।

Downloaded from http://dhamma.digital/



सुलक्षण कीर्ति बिहार ढलान गर्न डण्डी बान्दै ।




सुलक्षण कीर्ति बिहार पहिलो तला ढलान गर्नको
लागि तयार पारिँदै ।

Downloaded from http://dhamma.digital/



सुलक्षण कीर्ति बिहार निर्माणका दाताहरु श्रमदान गर्दै ।



सुलक्षण कीर्ति बिहार निर्माण गर्ने ठाउँ खाली जग्गामा डोजरले मिलाउँदै ।

Downloaded from http://dhamma.digital/



सुलक्षण कीर्ति बिहार निर्माण गर्न जग राख्न
सिमेन्ट राखिरहेको ।



सुलक्षण कीर्ति बिहार निर्माण गर्ने ठाउँमा जग हाल्न
पूजा गरिरहेको ।

Downloaded from http://dhamma.digital/



सुलक्षण कीर्ति बिहार पहिलो तला ढलान गर्दै ।



सुलक्षण कीर्ति बिहार निर्माण गर्दाको भवन ।

Downloaded from http://dhamma.digital/




विद्यावारिधी प्राप्त गरेपछि डा. अनोजालाई सम्मान गर्दै ।



जापानकी राजकुमारी मिचिको इतो र भिक्षुणी बनेकी उहाँकी सुपुत्री राजकुमारी जेसि इतो महामायादेवी सुलक्षण कीर्ति बिहारमा प्रबज्जित प्राप्त गरिसकेपछि (२०५५ साल असोज ५ गते) ।

Downloaded from http://dhamma.digital/



महापवित्र परित्राणका लागि भगवानको पूजा गर्न पदयात्रा गर्दै ।



सुलक्षण कीर्ति बिहारमा बौद्ध दीक्षा ग्रहण गरेकाहरु ।

Downloaded from http://dhamma.digital/



सुलक्षण कीर्ति बिहारमा ऋषिणीहरुलाई प्रबज्या दिंदै ।




सुलक्षण कीर्ति बिहारमा प्रबज्या भएका ऋषिणीहरू ।

Downloaded from http://dhamma.digital/

# राम्रो,

# बलियो,

# सस्तो

रङ्गिन ग्लासका

लागि हामीलाई

सम्झनुहोस् ।

## प्रजापति ग्लास सेन्टर

मैतिदेवी, काठमाडौं ।

फोन: ४४२०५१८


Downloaded from http://dhamma.digital/

# परिचय



शारदा मानन्धर वि.सं. २०१६ सालमा अर्थात् इ.सं. १९६० जुलाइ ७ मा बनेपा-५ वांख्योटोलमा पिता हरिनारायण मानन्धर र माता रत्नमाया मानन्धरकी सुपुत्री भएर जन्म पाएकी हुन् । ११ वर्षकी छँदा यिनले गृहत्याग गरिन् । २०३४ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेकी यिनले २०४५ सालमा आइ.ए., २०४८ सालमा वी.ए. र २०५० सालमा एम.ए. डिग्री हासील गरिन् । भारतको बनारसस्थित सम्पूर्णान्द विश्वविद्यालय यिनको अध्ययनको आधारभूमि बन्यो । उच्च शिक्षाका सम्पूर्ण स्तर हासिल गरेको यस विश्वविद्यालयबाट नै बौद्ध दर्शनको अभिधर्म ओतारा विषयमा विद्यावारिधी (पी.एच.डी.) उपाधी हासिल गर्न उनी सफल भइन् । ९ वर्षको बनारस बसाइमा प्राप्त भएको अध्ययनले यिनलाई सक्षम र प्रतिभावान भिक्षुणी डा. अनोजा बनाइन् । त्यसपछि नेपाल फर्केपछि पनि यिनले अध्ययन गर्न छोडिनन् । बौद्ध परियती कोविद शिक्षा ग्रहण गरेपछि यिनी केही क्षण अमेरिकास्थित हार्वड विश्वविद्यालयमा अंग्रेजी भाषाको अध्ययन गर्न गइन् । आफ्नो जीवन-क्रममा यसरी यिनले शिक्षा-दीक्षा प्राप्त गर्न सफल भइन् ।

काठमाडौंबाट नजीक भएर पनि कोलाहल र घुइँचोबाट टाढा सुन्दरीघाट । शान्त वातावरणमा अवस्थित सुलक्षण कीर्ति विहार । बौद्ध दर्शनमा विद्यावारिधि गर्न सफल महिला डा. अनोजा । डा. अनोजा र पसिनाका बूँदहरु । वाग्मती नदीको जलाधार । प्रसिद्ध लोकनाथ आर्य अवलोकेश्वरको पुण्य धार्मिक स्थल । ज्ञानको संसार त्रिभुवन विश्वविद्यालय नजिकको भूमि । कीर्तिपूर, पाङ्गा, ललितपुर, काठमाडौंका उपाशक/उपाशिकाहरूका लागि पनि उपयुक्त ठाउँ । यहाँ तल-तल भएर वाग्मती बग्छन् माथि-माथिबाट तल-तल झरेर शितल हावा बहन्छ । स्तुपा बनिसकेको छ । योगको सिकाइ हुँदैछ - निकै रमणीय स्थल बनेको छ सुन्दरीघाट । मलाई त लाग्छ साँच्चै यो ठाउँ शुद्ध भावनाले व्याप्त शीलवान सुन्दरीका उच्छ्वासहरु चोखो हावाझैं बहिरहेछन् । हो यही सुन्दरीघाटमा बनेको विहारमा रहेर डा. अनोजा मान्छेमा व्याप्त कुभावनाहरूसँग जुझ्न भिक्षुणी बनेर सङ्घर्ष गर्दै छिन ।

– मोहन दुवाल
साहित्यकार

Downloaded from http://dhamma.digital/